सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ माघ २०८०, शनिबार (20 Jan 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २७१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सुत्केरी र गर्भावस्थामा ज्यान गुमाउनेमध्ये ४३ प्रतिशतको एउटै कारण उपचार अभाव

घरमै, अस्पताल लैजाँदा बाटोमै र एउटा स्वास्थ्य संस्थाबाट अन्यत्र रेफर गर्दागर्दै ज्यान गुमाउँछन् गर्भवती र सुत्केरी

● डा. विवेककुमार लाल
निर्देशक, परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग

स्वास्थ्य संस्थामा लैजाने निर्णयमा ढिलाइ गर्ने, बाटोमै मृत्यु हुने र स्वास्थ्य संस्थासम्म पुग्याउँदा पनि स्वास्थ्यकर्मी तथा आवश्यक उपकरण र सुविधाको अभावमा मृत्यु हुने संख्या ठूलो छ, अपेक्षाकृत न्यूनीकरणमा चुनौती कायमै छ।

मञ्जु टेलर/नयाँ पत्रिका

नेपालमा सुत्केरी र गर्भावस्थामा ज्यान गुमाउने (मातृ मृत्यु)मध्ये ४३ प्रतिशतले समयमै उपचार नपाउँदा यस्तो क्षति भोग्नुपरेको देखिएको छ। स्वास्थ्य सेवा विभागले राष्ट्रिय जनगणना, २०७८ अन्तर्गत 'नेपाल मातृ मृत्यु अध्ययन'को विश्लेषणपछि यस्तो नतिजा देखिएको हो। मातृ मृत्यु तथ्यांकका आधारमा मृत्युको कारण पत्ता लगाइएको यो नै पहिलोपटक हो।

०७८ को जनगणनाका क्रममा पछिल्लो १२ महिनाको मातृ मृत्यु तथ्यांक संकलन गरिएको थियो। उक्त अवधिमा ६२२ सुत्केरी तथा गर्भवतीको मृत्यु पुष्टि भएकोमा २६५ जनाले उपचार नपाएर ज्यान गुमाएको खुलेको थियो। त्यस्तै, ३४६ जनाको स्वास्थ्य संस्थामा उपचारकै क्रममा मृत्यु भएको तथा ११ जनाको मृत्युको कारण नखुलेको मातृ मृत्यु अध्ययनको रिपोर्टमा छ।


तथ्यांकअनुसार उपचार नपाएर भएको मातृ मृत्युमध्ये कोशीमा ४१, मधेशमा ५९, बागमतीमा १८, गण्डकीमा १४, लुम्बिनीमा ७०, कर्णालीमा २७ र सुदूरपश्चिममा ३६ जना छन्। विश्व स्वास्थ्य संगठनले गर्भावस्थामा वा बच्चा जन्मेपछिको ४२ दिनभित्र आमाको मृत्यु हुनुलाई मातृ मृत्युका रूपमा परिभाषित गरेको छ।

» पृष्ठ २ मा क्रमशः

■ उमेर समूहअनुसार मातृ मृत्यु

१५-१९ वर्ष उमेरका पनि १० प्रतिशत


०७८ को जनगणनाका क्रममा ९ मंसिर ०७८ भन्दा अगाडि १२ महिनाको मातृ मृत्यु तथ्यांक संकलन गरिएको थियो। उक्त अवधिमा ६२२ सुत्केरी तथा गर्भवतीको मृत्यु पुष्टि भएकोमा २६५ जनाले उपचार नपाएर ज्यान गुमाइएको खुलेको थियो। त्यस्तै, ३४६ जनाको स्वास्थ्य संस्थामा उपचारकै क्रममा मृत्यु भएको तथा ११ जनाको मृत्युको कारण नखुलेको मातृ मृत्यु अध्ययनको रिपोर्टमा छ।



४३% मध्ये २६% को घरमै, ९% को घरबाट स्वास्थ्य संस्था जाँदै गर्दा र ८% को एक स्वास्थ्य संस्थाबाट अर्को संस्थामा जाँदै गर्दा मृत्यु भएको अध्ययनमा भेटिएको छ।

मातृ मृत्युका प्रमुख ६ कारण

३२ प्रतिशत मृत्यु गैरप्रसूतिजन्य जटिलताका कारणले हुने गरेको राष्ट्रिय जनगणना, २०७८ अन्तर्गत 'नेपाल मातृ मृत्यु अध्ययन'ले देखाएको छ। प्रसूतिको समयमा हुने उच्च रक्तस्रावबाट २६ प्रतिशत, उच्च रक्तचापले निम्त्याउने समस्याबाट १२ प्रतिशत, गर्भावस्थामा हुने विभिन्न संक्रमणबाट ७ प्रतिशतले ज्यान गुमाएका छन्। त्यस्तै, ६ प्रतिशत सुत्केरी तथा गर्भवतीले आत्महत्या गरेको र ५ प्रतिशतको गर्भपतनका कारण मृत्यु भएको अध्ययनको तथ्यांक छ।



गर्भवती र सुत्केरी आमाहरू जसले समयमा उपचार नपाउँदा गुमाए अकालमा ज्यान

■ **११ दिनकी सुत्केरी अन्सुले हेलिकोप्टर कुर्दाकुर्दै प्राण त्यागिन्** : गत २४ पुसमा हुम्लाको ताजाँकोट गाउँपालिका- ५ की २० वर्षीया अन्सु बुढाले हेलिकोप्टरको प्रतीक्षा गर्दागर्दै ज्यान गुमाइन्। ११ दिनकी सुत्केरी बुढाको स्वास्थ्य अवस्था जटिल बन्दै गएपछि उपचारका लागि बाजुरा हुँदै नेपालगन्ज ल्याउने तयारी थियो। तर, बाजुराको कोल्टी पुग्याउँदासम्म पनि हेलिकोप्टर नआउँदा उनको त्यहीँ मृत्यु भएको थियो।

■ **सुत्केरी गराउन जिल्ला अस्पताल पुग्याउँदासम्म जिउँदो रहिनन् गौबडीदेवी** : गत १५ पुसमा बझाङको केदारस्युँ गाउँपालिका- ६ सिङ्गाल्ली गाउँकी ३५ वर्षीया गौबडीदेवी धामीको सुत्केरी हुन नसक्दा उपचारका क्रममा ज्यान गयो। गर्भवतीको स्वास्थ्य अवस्था निकै जटिल भइसकेको भन्दै पालिकाकै देउरा बजारमा रहेको रायल प्राथमिक स्वास्थ्य केन्द्रले जिल्ला अस्पताल रेफर गरेको थियो। तर, जिल्ला अस्पताल पुग्याएलगत्तै अस्पतालले उनलाई मृत घोषित गऱ्यो।

■ **सुत्केरी बेथा लागेको ६ घन्टासम्म उपचार नपाउँदा रंगिताले संसार छाडिन्** : गत १५ कात्तिकमा हुम्लाको अदानचुली गाउँपालिका- ५ काँखे गाउँकी २० वर्षीया रंगिता शाहीले पनि सुत्केरी बेथा लागेको ६ घन्टासम्म उपचार पाइनन्। गाउँको स्वास्थ्य चौकीमा सुरक्षित प्रसूति गराउने स्वास्थ्यकर्मी नहुँदा उनले उपचार नपाएकी हुन्। बच्चा जन्माउन नसक्दा अन्ततः उनको ज्यानै गयो।

■ **सुत्केरी बेथासँगै भएको उच्च रक्तस्रावले लियो पवित्राको ज्यान** : गत असोजमा हुम्लाको सर्केगाड गाउँपालिका- ७ की २४ वर्षीया पवित्रा शाही छन्त्यालको अत्यधिक रक्तस्रावका कारण मृत्यु भयो। चार दिनदेखि सुत्केरी बेथाले थलिए पनि समयमा स्वास्थ्य संस्थामा पुग्याउन नसक्दा उनको मृत्यु भएको थियो।

झ न्नयाँ

त्यो भक्तपुर यो भक्तपुर



समाज

तेजेश्वरबाबु ग्वंग, संस्कृतिविद्

आफ्नोपन रहे मात्रै हामी रहन्छौं, आफ्नोपन नभए जतिसुकै आधुनिक भए पनि अर्थ छैन

...त्यसपछि मन्त्री पद बोझ लाग्यो



संस्मरण

चित्रबहादुर केसी

मन्त्री बनेपछि मेरो निचोड के हो भने नेपाली जनतालाई चुस्ने, ठग्ने, बाहिरको कोही मान्छे होइन। राज्यसत्तामै पकड भएका, हालिमुहाली गरेकाले नै सर्वसाधारणलाई ठग्दै आएका छन्।

डकुमेन्ट्री बोरिङ विधा होइन



६ प्रश्न

● राजन कठेत
चलचित्र निर्देशक

अर्थ पत्रिका

'८१ किमि लामो बिरेठाँटी-मुक्तिनाथ केबलकार'को डिपिआर लगानी बोर्डमा

५५.१८ अर्ब लगानी जिडिपीमा वार्षिक ७० अर्ब योगदान गर्ने दाबी



(विस्तृत पृष्ठ ७)

भिजिट भिसामा ट्राभल एड्भाइजरी जारी हुने, पुरानो मापदण्ड खारेज गरिने

नयाँ पत्रिका

भिजिट भिसामा हुने मानव तस्करी रोक्न सरकारले नीतिगत सुधार थालेको छ। व्यक्तिगत श्रम स्वीकृतिलाई सहज बनाउने र भिजिट भिसामा रोजगारको उद्देश्यले जाने प्रवृत्तिलाई नियन्त्रण गर्न विभिन्न नीतिगत निर्णय गर्न लागिएको छ।

बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा बसेको उच्चस्तरीय बैठकले भिजिट भिसासम्बन्धी पुरानो मापदण्ड खारेज गरी नयाँ मापदण्ड लागू गर्ने निर्णय गरेको हो। गृहमन्त्री नारायणकाजी श्रेष्ठ, श्रममन्त्री शरत्सिंह भण्डारीलगायत सहभागी बैठकले व्यक्तिगत श्रम स्वीकृतिलाई सहज बनाउने निर्णय गरेको छ। साथै, भिजिट भिसामा जानेको हकमा प्रस्ट मापदण्ड बनाउने र यससम्बन्धी ट्राभल एड्भाइजरी जारी गरिने भएको छ।

सोमबार ट्राभल एड्भाइजरी जारी गर्न लागिएको अध्यागमन विभागका महानिर्देशक रुद्रसिंह तामाङले बताए। भिजिट भिसामा रोजगारीको उद्देश्यले जानेलाई निरुत्साहन गर्न ट्राभल एड्भाइजरी जारी गर्नेलगायत



फाइल तस्बिर

नीतिगत निर्णय गर्न लागिएको उनले बताए। 'भिजिट भिसालाई खुला गर्न लागिएको होइन, घुम्नकै लागि मात्र भिजिट भिसामा विदेश जाऊन् भन्ने हो,' उनले भने, 'अब पुरानो १७ बुँदे मापदण्ड खारेज हुन्छ, नयाँ मापदण्ड लागू गरेर यसलाई व्यवस्थित गर्छौं।'

दुई वर्षदेखि अध्यागमनमा सचिवस्तरीय निर्णयबाट १७बुँदे मापदण्ड लागू गरिएको छ। यसबाट नक्कली कागजपत्रको कारखाना खुलेको र सेटिङ बढेको भन्दै त्यसलाई हटाउन लागिएको छ। सो मापदण्डमा १२ कक्षासम्म अध्ययन गरेको हुनुपर्ने तथा वार्षिक पाँच लाख आय देखाउनुपर्ने प्रावधान छ। सोही प्रावधानका कारण नक्कली सर्टिफिकेट र बैंक स्टेटमेन्ट नक्कली बन्ने गरेको हो।

सकेसम्म नीतिगत रूपमै भिजिट भिसामा सुधार गर्न लागिएको गृह मन्त्रालयका अधिकारी बताउँछन्। प्रधानमन्त्रीको नेतृत्वमा भएको बैठकले विदेशबाटै पनि श्रम स्वीकृति लिन मिल्ने व्यवस्था गर्ने निर्णय गरेको छ। भिजिट भिसामा विदेश गएकाहरू कतिपय बेचिने गरेका छन्।

असंलग्न आन्दोलन 'नाम'को १९औँ शिखर सम्मेलनमा प्रधानमन्त्री प्रचण्डको सम्बोधन

नेपाल मध्यपूर्वमा शान्ति र स्थायित्वको पक्षमा



तस्बिर : रत्न श्रेष्ठ/रासस

● मध्यपूर्वमा शान्ति र स्थायित्वको चाहना गर्दै नेपाल राष्ट्रसंघको सान्दर्भिक प्रस्तावका आधारमा प्यालेस्टाइन र इजरायलबीचको मान्यताप्राप्त अन्तर्राष्ट्रिय सीमाभित्र शान्ति-सुरक्षाका लागि उभिन चाहन्छ।

● युक्रेन र गाजामा भइरहेको द्वन्द्व अत्यन्त पीडादायी छ। नयाँ र पुराना द्वन्द्वका नतिजाले यस क्षेत्रलाई नभई सम्पूर्ण विश्व र विशेषगरी दक्षिण विश्वलाई घेरेको छ। त्यसैले यो सबैको सम्मान र मर्यादाका लागि राजनीतिक संवाद र कूटनीतिक माध्यमबाट शान्ति र सुरक्षाको स्थायी समाधान खोज्ने समय हो।

● नेपाल शान्तिका प्रतीक गौतम बुद्धले दीक्षित गरेको शान्तिपूर्ण सहअस्तित्वको शाश्वत सत्यमा विश्वास गर्दछ। विविधतामा एकता र वसुधैव कुटुम्बकम् अर्थात् 'विश्व एउटै परिवार' हाम्रो जीवन पद्धति बनेको छ। यी मूल्यमान्यता हाम्रा सामाजिक-सांस्कृतिक परम्परामा परापूर्वकालदेखि नै स्थापित हुँदै आएका छन्।

नयाँ पत्रिका
कम्पाला (युगान्डा)

असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा नेपालले आफूलाई मध्यपूर्वमा शान्ति र स्थायित्वको पक्षमा उभ्याएको छ। युगान्डाको कम्पालामा आयोजित असंलग्न आन्दोलन 'नाम'को १९औँ शिखर सम्मेलनलाई शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालले मध्यपूर्वमा शान्ति र स्थायित्वको चाहना राखेको बताए।

'मध्यपूर्वमा शान्ति र स्थायित्वको चाहना गर्दै नेपाल राष्ट्रसंघको सान्दर्भिक प्रस्तावका आधारमा प्यालेस्टाइन र इजरायलबीचको मान्यताप्राप्त अन्तर्राष्ट्रिय सीमाभित्र शान्ति-सुरक्षाका लागि उभिन चाहन्छ,' प्रधानमन्त्री प्रचण्डले भने। उनले विश्वशान्ति र सुरक्षाका लागि राष्ट्रसंघपछिको ठूलो संस्थाको हिसाबले नामले उपयुक्त भूमिका निर्वाह गर्नुपर्नेमा पनि जोड दिएका छन्।

सबैको सम्मान र मर्यादाका लागि राजनीतिक संवाद र कूटनीतिक माध्यमबाट शान्ति र सुरक्षाको स्थायी समाधान खोज्नुपर्ने प्रधानमन्त्री प्रचण्डको भनाइ छ। उनले नेपाल शान्तिप्रिय देश भएकाले विश्वमा भएका सबै प्रकारका द्वन्द्व र भू-राजनीतिक प्रतिद्वन्द्वको निन्दा गर्ने बताए। 'युक्रेन र गाजामा भइरहेको द्वन्द्व अत्यन्त पीडादायी छ। नयाँ र पुराना द्वन्द्वका नतिजाले यस क्षेत्रलाई नभई सम्पूर्ण विश्व र विशेषगरी दक्षिण विश्वलाई घेरेको छ। त्यसैले यो सबैको सम्मान र मर्यादाका लागि राजनीतिक संवाद र कूटनीतिक माध्यमबाट शान्ति र सुरक्षाको स्थायी समाधान खोज्ने समय हो,' उनले भने।

प्रधानमन्त्री प्रचण्डले नेपाललले सार्वभौम समानता, आपसी सम्मान, पारस्परिक लाभ र विवादको शान्तिपूर्ण समाधानमा आधारित सन्तुलित र स्वतन्त्र परराष्ट्र नीति

» पृष्ठ २ मा क्रमशः

विधेयकको मस्यौदामा सर्वसाधारणको सुझाव जुटाउने मोडल तय गर्दै संसदीय समिति

कमलराज भट्ट/नयाँ पत्रिका

कानुनको मस्यौदा लेखनमा सर्वसाधारणलाई प्रत्यक्ष सहभागी गराउन संसदीय समितिले विभिन्न उपायमा छलफल थालेको छ। नागरिकबाट सुझाव लिने प्रस्तावसहित सरकारले विधायन व्यवस्थापनसम्बन्धी विधेयक संसद्मा पठाएका वेला संसदीय समितिले त्यसको मोडालिटी तय गर्न छलफल थालेको हो।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा शुक्रबार विधेयकमाथिको दफावार छलफलमा सांसदहरूले सर्वसाधारणको सहज पहुँचका लागि विभिन्न विकल्प प्रस्तुत गरेका छन्। जसमा विधेयक वेबसाइटमा राख्ने, राष्ट्रिय सञ्चारमाध्यममा प्रचार गर्ने, सामाजिक सञ्जालमा प्रचार गर्ने, मोबाइलमा म्यासेज पठाएर सुझाव माग्ने र मोबाइलको रिङटोनमै बजाएर सुनाउनेसम्मका छन्।

सरकारले ल्याएको विधेयकको दफा ६ मा कानुनको मस्यौदा गर्दा सम्बन्धित मन्त्रालयले विषयविज्ञ र त्यस्तो विधेयकबाट प्रत्यक्ष रूपमा प्रभावित हुने सरोकारवालालाई छलफलमा सहभागी गराउने र सर्वसाधारणसँग लिखित रूपमा राय-सुझाव माग गर्न सक्ने प्रस्ताव गरिएको छ।

विधायन समितिमा दफावार छलफलका क्रममा सुरुमै कानुन मन्त्रालयका सचिव उदयराज सापकोटाले सर्वसाधारणबाट सुझाव के आधारमा माग्ने भन्दै जिज्ञासा राखेका थिए। 'विधेयक नै प्रकाशन गरेर लाने यो अलि अप्ठ्यारो विषय

» पृष्ठ २ मा क्रमशः



राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा सांसदहरूले विधेयक वेबसाइटमा राखेर, राष्ट्रिय सञ्चारमाध्यम र सामाजिक सञ्जालमा प्रचार गरेर, मोबाइलमा म्यासेज पठाएर वा मोबाइलको रिङटोनमै बजाएर विधेयकमा सर्वसाधारणका सुझाव संकलन गर्न सकिने विकल्प प्रस्तुत गरेका छन्। सरकारले ल्याएको विधेयकको दफा ६ मा कानुनको मस्यौदा गर्दा सम्बन्धित मन्त्रालयले विषयविज्ञ र त्यस्तो विधेयकबाट प्रत्यक्ष रूपमा प्रभावित हुने सरोकारवालालाई छलफलमा सहभागी गराउने र सर्वसाधारणसँग लिखित रूपमा राय-सुझाव माग गर्न सक्ने प्रस्ताव छ।

■ सहजै आउँदैनन् सुझाव

शुक्रबारको विधायन व्यवस्थापन समिति बैठकमा समितिका सचिव नुमराज खनालले संसद् र मन्त्रालयहरू नागरिकको पहुँचमा नरहेको विगतको अभ्यासले देखाएको भन्दै संघदेखि स्थानीय तहसम्म विधेयकमा पहुँच सुनिश्चित गर्न कुनै मेकानिजम बनाएर जाँदा उपयुक्त हुने धारणा राखे। 'अहिले संसद्ले वेबसाइटमा राख्दा पनि सर्वसाधारणको आइरहेको छैन, स्वार्थ समूहको मात्रै आउँछ। सर्वसाधारणलाई कसरी जोड्ने भन्ने कुरा मुख्य हो,' खनालले भने।



नुमराज खनाल

कानुन मन्त्रालयका सचिव उदयराज सापकोटाले विधेयकमा उल्लेख हुने विषयवस्तुको अवधारणापत्र बनाएर सर्वसाधारणमाझ सुझाव लिन जानुपर्ने बताए। उनले वेबसाइटमा मात्र राख्दा प्रभावकारी हुन नसकेको स्विकार्दै सामाजिक सञ्जालमा पनि राख्दा हुने सहमति जनाए। तर, विधेयकको पूरै मस्यौदा सार्वजनिक गर्ने कुरामा उनले असहमति जनाए। 'विधेयक पढ्यो भने हामीलाई त बुझ्न सकस हुन्छ भने पब्लिकले बुझ्न त गाह्रै हुन्छ,' उनले भने, 'विधेयकमा यो छ भनेर मितिसहित उल्लेख गरेर अवधारणापत्र बनाऔं। कन्टेन्ट यो-यो छन्, यसरी गरेका छन् भन्ने राखेर जाऔं।'



उदयराज सापकोटा

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ असुरक्षित गर्भपतनले निम्त्याउँदै जोखिम

कैलालीमा जथाभावी औषधि सेवन र अनिच्छुक गर्भपतन गराउने अविवाहित र किशोरीको संख्या बढ्दो

धनगढीमा **तेजराज भट्ट**

असुरक्षित रूपमा गर्भपतन गराउन खोज्दा अत्यधिक रक्तस्राव भएर गत साउनमा धनगढीमा एक महिलाको मृत्यु भयो। धनगढी उपमहानगरपालिका- १२ की ३५ वर्षीया प्रीति थापाले एक क्लिनिकबाट गर्भपतन गराउने औषधि किनेर खाइन्। औषधि खाएको केही समयमा अत्यधिक रक्तस्राव हुन थालेपछि उनलाई सेती प्रादेशिक अस्पताल भर्ना गरिएको थियो। तर, उपचारका क्रममै उनको मृत्यु भयो।

औषधि बिक्री गर्ने मेरी स्टोप सामुदायिक क्लिनिक सुरक्षित गर्भपतनका लागि सूचीकृत थिएन। गर्भपतन गराउन क्लिनिकले जथाभावी औषधि दिएको भन्दै मृतकका आफन्त आन्दोलनमा उत्रिएपछि प्रहरीले क्लिनिक सञ्चालकलाई पक्राउ गरेर कारबाही प्रक्रिया अगाडि बढायो। असुरक्षित रूपमा गर्भपतन गराउन खोज्दा प्रीतिले ज्यान गुमाउनुपर्‍यो।

सूचीकृत नभएका स्वास्थ्य संस्थाबाट असुरक्षित रूपमा गर्भपतन गराउन खोज्दा ज्यान जोखिममा परेका उदाहरण धेरै छन्। केही समयअघि मेडिकलबाट गर्भपतन गराउने औषधि खाएपछि रक्तस्राव भएर धनगढीकै एक महिला सेती प्रादेशिक अस्पताल भर्ना भइन्। उपचारमा संलग्न स्वास्थ्यकर्मीका अनुसार जथाभावी औषधि सेवनले रक्तस्राव भएर उनको पाठेघरमा गम्भीर समस्या देखिएको थियो।

'ती महिलाले मेडिकलबाट गर्भपतन गराउने औषधि किनेर खाएकी रहिछन्। अत्यधिक रक्तस्रावसँगै बच्चादानीमा प्वाल परेको देखिएपछि बच्चादानी नै निकालेर फाल्नुपर्‍यो,' सेती प्रादेशिक अस्पतालको सुरक्षित गर्भपतन सेवाका इन्चार्ज भगवती पडालले भनिन्, 'गर्भपतनका लागि मेडिकलबाट औषधि किनेर खाने र स्वास्थ्यमा जटिलता देखिएपछि अस्पताल भर्ना हुने धेरै छन्।' यस्तो समस्या लिएर आउनेमा अविवाहित र किशोरीहरू पनि रहने गरेका उनले बताइन्।

जथाभावी औषधि सेवन गर्ने तथा गर्भपतनको अनुमति नपाएका मेडिकल, क्लिनिक र निजी अस्पतालबाट गर्भपतन गराउनाले पाठेघरमा समस्या आउनुका ज्यानसमेत गुमाउनुपरेको घटना हुने गरेका पडालले बताइन्। धनगढीमा लुकीछिपी अनुमतिविना गर्भपतनको औषधि बिक्री गर्ने तथा गर्भपतन गराउने कार्य भइरहे पनि सरोकारवाला निकायले त्यसलाई रोक्न सकेको छैन। 'धनगढीकै कतिपय मेडिकल र अस्पतालले अनुमतिविना गर्भपतन गराउने गरेको सुनिन्छ, त्यसलाई रोक्ने दायित्व प्रशासनको हो,' पडालले भनिन्, 'त्यस्तो ठाउँमा गर्भपतन गराउँदा समस्या देखिएपछि उपचारका लागि हामीकहाँ आउँछन्।' सीमावर्ती भारतीय बजारमा गएर भ्रूण परीक्षण र असुरक्षित रूपमा गर्भपतन गराउनेको धेरै रहेको बताइन्छ।

गत महिना गर्भपतन जटिलताका कारण दुई महिलाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ। कैलालीमा गत आर्थिक वर्षमा एक सय ८० महिलाले गर्भपतनको जटिलता भोग्नुपरेको स्वास्थ्य कार्यालयको तथ्यांक छ। गर्भपतनको जटिलता भोगेकामध्ये कतिपय गर्भपतनको अनुमति नपाएको स्वास्थ्य संस्थाबाट औषधि किनेर गर्भपतन गराउन खोज्नेहरू रहेका स्वास्थ्य कार्यालयका पब्लिक हेल्थ नर्स आशा थापाले बताइन्। असुरक्षित ठाउँमा गर्भपतन गराउन खोज्दा स्वास्थ्यमा जटिलता भोग्नुपरेका धेरै घटना रहेको उनको भनाइ छ।



कैलालीमा चालू आर्थिक वर्षको मंसिरसम्ममा दुई हजार २३२ जनाले गर्भपतन गराएका छन्। गर्भपतन गराउने २० वर्षमुनि संख्या एक सय १३ र १२ हप्तामाथिको गर्भपतन गराउने संख्या एक सय ३६ जना रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।

'गर्भपतन गराउन मेडिकलबाट औषधि किनेर खाने र रक्तस्रावले स्वास्थ्यमा जटिलता देखिएपछि अस्पताल भर्ना हुनुपर्ने केसहरू छन्,' उनले भनिन्, 'असुरक्षित गर्भपतनले जोखिम निम्त्याउने गरे पनि यो कार्य रोकिएको छैन।' लिंग परीक्षण, गोपनीयता, गर्भपतनका लागि सूचीकृत स्वास्थ्य संस्थामा पहुँच नहुनु, जानकारीको कमीलगायत कारणले कतिपयले मेडिकलबाट औषधि किनेर असुरक्षित रूपमा गर्भपतन गराउने गरेको उनले बताइन्।

स्वास्थ्य कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्षमा पाँच हजार १८१ महिलाले १२ हप्तासम्मको गर्भपतन गराएका थिए। त्यसमध्ये २० वर्ष उमेरमुनिका दुई सय ३७ जना छन्। त्यस्तै, सो अवधिमा दुई सय ९६ जनाले १२ हप्ताभन्दा माथिको गर्भपतन गराएका पब्लिक हेल्थ नर्स थापाले जानकारी दिइन्। १२ हप्तामाथिको गर्भपतन गराउनेमध्ये २० वर्षमुनिका ४० जना छन्।

चालू आर्थिक वर्षको मंसिरसम्ममा दुई हजार २३२ जनाले गर्भपतन गराएका छन्। गर्भपतन गराउने २० वर्षमुनि संख्या एक सय १३ र १२ हप्तामाथिको गर्भपतन गराउने संख्या एक सय ३६ जना रहेको स्वास्थ्य कार्यालयले जनाएको छ। पब्लिक हेल्थ नर्स थापाका अनुसार गर्भपतन गराउनमध्ये अविवाहित र किशोरी पनि छन्। सरकारले १२ हप्तासम्मको गर्भपतन गराउने मान्यता दिएको छ। त्यो पनि सूचीकृत स्वास्थ्य संस्थामा मात्र गराउन पाइन्छ। हाडनाता करणी तथा गर्भका कारण महिलाको स्वास्थ्यमा जटिलता आउने अवस्थामा मात्र १२ हप्तामाथिको गर्भपतन गराउन पाउने व्यवस्था रहेको थापाले बताइन्।

सुत्केरी र...

पृष्ठ १ बाट क्रमशः

घरमै, अस्पताल लैजाँदा बाटोमै र एउटा स्वास्थ्य संस्थाबाट अन्यत्र रेफर गर्दागर्दै गर्भवती र सुत्केरीको मृत्यु हुने गरेको छ। खासगरी जटिल समस्याको उपचारका लागि पालिकास्तरको स्वास्थ्य संस्थामा सम्भव नहुनु र जिल्ला अस्पताल रेफर गर्दा निकै ढिला भइसक्ने भएकाले सुत्केरीको मृत्यु हुने गरेको हो। उपचार नपाएर ज्यान गुमाउनेमध्ये ४३ प्रतिशतमध्ये २६ प्रतिशतको घरमै, नौ प्रतिशतको अस्पताल लैजाँदै गर्दा बाटोमा र आठ प्रतिशतको एक स्वास्थ्य संस्थाबाट अन्यत्र रेफर गर्दागर्दै मृत्यु भएको स्वास्थ्य सेवा विभागअन्तर्गतको परिवार कल्याण महाशाखाको तथ्यांक छ।

समयमा उपचार नपाउँदा मातृ मृत्युदर अपेक्षाकृत रूपमा कम हुन नसकेको स्विकार्छन् परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेककुमार लाल। 'स्वास्थ्य संस्थामा लैजाने निर्णयमा ढिलाइ गर्ने, बाटोमै मृत्यु हुने र स्वास्थ्य संस्थासम्म पुर्‍याउँदा पनि स्वास्थ्यकर्मी तथा आवश्यक उपकरण र सुविधाको अभावमा मृत्यु हुने संख्या ठूलो छ, अपेक्षाकृत न्यूनीकरणमा चुनैती कायमै छ,' उनले भने।

दिगो विकासको लक्ष्यअनुरूप २०३० सम्म मातृ मृत्युदरलाई प्रति एक लाखमा ७० मा झार्ने लक्ष्य लिइएको छ। तर, राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा मातृ मृत्युदर प्रति एक लाखमा एक सय ५१ देखिएको छ। यसअघि २०१६ को जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडिएचएस)अनुसार प्रति एक लाख जीवित जन्ममा मातृ मृत्युदर दुई सय ३९ जना थियो। गर्भपतनदेखि बच्चा जन्माइसकेपछि हुने उच्च रक्तस्राव, संक्रमण, उच्च रक्तचाप, गर्भपतन आदिका कारण गर्भवती र सुत्केरीको ज्यान गइरहेको छ।

परिवार कल्याण महाशाखासँग स्वास्थ्य संस्थामा मृत्यु भएकाको मात्रै तथ्यांक

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखासँग भने मातृ मृत्युदरको सिंगो तथ्यांक छैन। स्वास्थ्य संस्थामा मृत्यु भएकाको तथ्यांक मात्रै महाशाखासँग छ। स्वास्थ्य महाशाखाको मातृ तथा नवजात शिशु शाखाको तथ्यांकअनुसार आर्थिक वर्ष ०७५/७६ मा दुई सय ७३ आमाको मृत्यु भएको थियो। ०७६ असोजदेखि ०७७ चैतसम्म दुई सय ४१ गर्भवती र सुत्केरीले ज्यान गुमाएका थिए। त्यस्तै, ०७७/७८ मा एक सय ७८ र ०७८/७९ मा एक सय ७६ गर्भवती तथा सुत्केरीको ज्यान गएको थियो। ०७९/८० को रिपोर्ट भने विश्लेषण भइसकेको छैन।

नेपालमा मातृशिशु मृत्युदरबारे बृहत् अध्ययन गर्न आमा सुरक्षा कार्यक्रमअन्तर्गत एमपिडिएसआर अर्थात् मृत्युको कारण पत्ता लगाएर न्यूनीकरण गर्न कार्यक्रम लागू गरिएको महाशाखाले जनाउँदै आएको छ। महाशाखा निर्देशक डा. विवेककुमार लाल भन्छन्, 'मातृ मृत्यु कम गर्न दुर्गम भेगमा स्क्रिनिङका लागि गाउँस्तरमा अल्ट्रासाउन्ड गर्ने गर्भावस्थाको मानसिक स्वास्थ्य कार्यक्रम, रक्तस्राव कम गर्न प्रयोग गरिने प्रविधिजस्ता कार्यक्रम सुरु गरिएको छ। बच्चा जन्मिसकेपछि उच्च रक्तस्रावका कारण मृत्यु हुने, मानसिक समस्याका कारण आत्महत्या बढेको र समयमा परीक्षण नगर्दा जटिलता बढी हुने भएकाले यस्ता कार्यक्रम लागू गरिएको हो।' यसबाहेक गर्भावस्थामा आठपटक र बच्चा जन्मिसकेपछि चारपटक अनिवार्य स्वास्थ्य परीक्षण गराउनुपर्ने मापदण्ड बनाइएको पनि उनले बताए। ग्रामीण भेगमा ४२ दिनभित्रमा स्वास्थ्यकर्मी घरमै आएर आमा र बच्चाको स्वास्थ्य परीक्षण गर्नुपर्ने कार्यक्रम पनि लागू भइरहेको छ।

गर्भवती र सुत्केरीको उद्धार गर्न हवाई सुविधा, तर झन्झटिलो प्रक्रियाले समस्या

समयमै अस्पताल पुर्‍याउन दुर्गम भेगका गर्भवती तथा सुत्केरीका लागि हवाई उद्धारको सुविधा दिए पनि झन्झटिलो प्रक्रियाका कारण प्रभावकारी हुन सकेको छैन। राष्ट्रपति उत्थान कार्यक्रमअन्तर्गतको यो सुविधा समयमै लिन नपाउँदा गर्भवती र सुत्केरीले ज्यान गुमाइरहेका छन्।

उद्धारका लागि ढिला खबर आइपुग्ने, प्रमुख जिल्ला अधिकारीको सिफारिस पत्र लिनुपर्ने, सम्बन्धित महिलाको नागरिकताको प्रतिलिपि, स्थानीय स्वास्थ्य संस्थाको सिफारिस पत्रलगायत कागजात मिलाउनुपर्ने झन्झटका साथै भौगोलिक कठिनाइले हेलिकोप्टर समयमा पुर्‍याउन नसक्दा गर्भवती तथा सुत्केरीले अकालमा ज्यान गुमाउने गरेका छन्। यो कार्यक्रम हिमाली र पहाडी गरी १८ जिल्लामा पूर्ण रूपमा लागू गरिएको छ। ताप्लेजुङ, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, मनाङ, मुस्ताङ, रुकुम पूर्व, जाजरकोट, रुकुम पश्चिम, डोल्पा, कालिकोट, मुगु, हुम्ला, बाजुरा, अछाम र दार्चुलामा कार्यक्रम पूर्ण रूपमा लागू गरिएको छ। यसबाहेक ३० जिल्लामा भने केही दुर्गमका पालिकामा मात्रै कार्यक्रम सञ्चालनमा छ।

नेपाल...

पृष्ठ १ बाट क्रमशः

अवलम्बन गरेको बताए। 'असंलग्नताको सिद्धान्त नेपालको परराष्ट्र नीतिको आधारभूत सिद्धान्तहरूमध्ये एक हो,' उनले भने।

'नाम'का मूल्यमान्यता र सिद्धान्त पवित्र रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले यसको पालनाले सबैलाई शान्तिमय, मेलमिलाप र समृद्ध विश्व प्राप्त गर्न मार्गनिर्देश गरिरहेको बताए। 'नेपाल शान्तिका प्रतीक गौतम बुद्धले दीक्षित गरेको शान्तिपूर्ण सहअस्तित्वको शाश्वत सत्यमा विश्वास गर्दछ। विविधतामा एकता र वसुधैव कुटुम्बकम् अर्थात् 'विश्व एउटै परिवार' हाम्रो जीवन पद्धति बनेको छ। यी मूल्यमान्यता हाम्रा सामाजिक-सांस्कृतिक परम्परामा परापूर्वकालदेखि नै स्थापित हुँदै आएका छन्,' उनले भने।

नेपाल आफ्नो अनुपम, राष्ट्रिय स्वामित्वको र नेपाल आफैँले विकास गरेको शान्ति प्रक्रिया निष्कर्षमा पुगेको जानकारी दिए। उनले संक्रमणकालीन न्यायलाई एकपटक र सदाका लागि समाधान गरेर दिगो शान्ति सुनिश्चित गर्न प्रतिबद्ध रहेको बताए। 'द्वन्द्वबाट स्थापित नेताका रूपमा सम्बोधन गर्दै गर्दा मलाई के विश्वास छ भने शान्ति सम्भव छ, दृढविश्वास र इच्छाशक्तिले राष्ट्र र विश्वव्यापी रूपमा रहेका ऐतिहासिक, सामाजिक-सांस्कृतिक र आर्थिक अन्यायलाई सम्बोधन गर्न सकिन्छ,' उनले भने।

सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले वर्तमान विश्वमा 'गेम चेन्जर'का रूपमा देखापरेका 'विज्ञान, प्रविधि र नवप्रवर्तन'मा नामले उच्च प्राथमिकता दिनुपर्नेमा जोड दिए। 'विकासशील र अल्पविकसित देशहरूले सामना गरिरहेका संस्थागत र क्षमताका बाधाहरूलाई सम्बोधन गर्न 'नाम'ले 'विज्ञान, प्रविधि र नवप्रवर्तन'मा उच्च प्राथमिकता दिनुपर्छ,' उनले भने।

'नाम'ले दिगो विकासका लागि सन् २०३० को मुद्दा र अन्य अन्तर्राष्ट्रिय रूपमा सहमत विकासका लक्ष्यहरूको समयमै उपलब्धिमार्फत दक्षिण विश्वको आर्थिक विकास र समृद्धिमा जोड दिनुपर्ने उनको भनाइ थियो। 'बढ्दो द्वन्द्व, गरिबी, भोकमरी, असमानता र अनेकौँ समस्याले निम्त्याएका विकासका साझा चुनौतीलाई सम्बोधन गर्न 'नाम'ले नेतृत्व गर्नुपर्छ,' उनले भने।

प्रधानमन्त्री प्रचण्डले हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गर्न नामका सदस्य राष्ट्रहरूलाई आह्वानसमेत गरे। 'हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गर्नु हाम्रो साझा हितमा छ,' उनले भने। पहाडहरू विश्वव्यापी जनसंख्याको १५ प्रतिशत र पृथ्वीको जैविक विविधताको ५० प्रतिशतको घर उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सबै जीवित प्राणीलाई यसले विश्वव्यापी सेवाहरू प्रदान गर्ने बताए। हिमाली देश नेपालले हिमाल, हिमाली पारिस्थितिक प्रणाली र त्यहाँ बसोवास गर्ने जनताको संरक्षणका लागि वकालत गर्दै आएको उल्लेख गर्दै उनले जलवायु परिवर्तनको विनाशकारी प्रभावको कारण डरलाग्दो दरमा घट्दै गएको हिमनदीका स्वरूप र यसले अर्बौंको जीवन र जीविकोपार्जनमा ल्याउने अनगिन्ती पीडाको आफूहरू साक्षी रहेको सुनाए।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाण्डौबाट जारी भएको

अत्यन्त जरुरी सूचना

नेपाल सरकारबाट समस्याग्रस्त घोषित शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र तुलसी बहुमुखी सहकारी संस्था लिमिटेड, विराटनगरलाई नेपाल सरकारको मिति २०८०/०५/२५ को निर्णयानुसार सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष लेखी आएकोमा, संस्थाका सञ्चालक, ऋणी सदस्य, व्यवस्थापक, कर्मचारीहरुले सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस समितिको कार्यालय बुद्धनगर, काठमाडौंमा सम्पर्क राखी आफू जिम्मा रहेको जिन्सी, सवारी साधन, नगद, दायित्व समेत समितिमा उपस्थित भई फरफारक गर्नु हुन सार्वजनिक सूचना जारी गरिएको छ। साथै ऋणी सदस्य, सञ्चालकहरु, व्यवस्थापक, कर्मचारीहरु तथा संस्थाको घर भाडामा लिई बस्नु हुने व्यक्तिहरुले संस्थालाई तिर्न बुझाउनु पर्ने रकम यस समितिको कार्यालयबाट खोलिएका तपसिल वमोजिम बैंक खातामा जम्मा गरी सो को जानकारी समितिको कार्यालय बुद्धनगरलाई जानकारी गराउनु हुन समेत यसै साथ जानकारी गराईन्छ। अन्यथा कानुन बमोजिम कारवाही अगाडि बढाईने व्यहोरा समेत सरोकारवाला सम्बन्धितको लागि यो सूचना प्रकाशित गरिएको छ।

कृषि विकास बैंक, काठमाडौं पुतलीसडकमा खोलिएका तपसिल बमोजिम खाता नम्बर

१. सहकारी व्यवस्थापन समिति तुलसी खाता नं. ०२०९९०५३६२०४५०१०
२. सहकारी व्यवस्थापन समिति शिवशिखर खाता नं. ०२०९९०५३६२०६६१८

छिमेक बजार व्यवस्था कम्पनी लिमिटेड
केन्द्रीय कार्यालय, मध्ये बानेश्वर-३१, काठमाण्डौ, फोन ०१-४४८४२२७

तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०६)

यहि मिति २०८०/०९/२३ गते बसेको संचालक समितिको ११७औं बैठकको निर्णय अनुसार यस कम्पनीको १३औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु।

सभा हुने मिति, समय र स्थान :
मिति : २०८०/१०/ २८ गते आईतबार (तदनुसार ११ फेब्रुवरी, २०२४)
समय : दिनको २ :00 बजे।
स्थान : मध्य बानेश्वर, मिलन चोक स्थित छिमेक समाज सेवा संस्था को सभाहल।

छलफलका विषय सुची :

१. **सामान्य प्रस्ताव :**
(क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने बार्षिक प्रतिवेदन छलफल तथा पारित गर्ने,
(ख) लेखापरीक्षकको प्रतिवेदन तथा आ.व.२०७९/०८० को वासलात, नाफा नोक्सान र नगद प्रवाह विवरण पारित गर्ने,
(ग) आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारीश्रमिक तोक्ने।
(घ) संचालक समितिले सिफारिस गरे बमोजिम आ.व.२०७९/०८० सम्मको संचित मुनाफा बाट हाल कायम चुक्ता पूँजीको ५ प्रतिशतले हुन आउने रकम रु. १५,००,०००। (अक्षरेपी पन्ध्र लाख रुपैयाँ मात्र) नगद लाभांश (कर समेत) वितरण गर्ने,
(ङ) रिक्त रहेको एक जना संचालक नियुक्ती गर्ने सम्बन्धमा।

२. **विषेश प्रस्ताव :**
(क) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अख्तियारी दिने।

३. **विविध :**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धमा थप जानकारी:

१. हाल कायम शेयरधनी महानुभावहरुको ठेगानामा संचालकको प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन र वार्षिक आर्थिक प्रतिवेदन पठाइनेछ। कारणवस उपरोक्त सुचना तथा प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यसै सुचनालाई आधार मानि आफ्नो परिचय खुल्ने कुनै आधिकारीक प्रमाणपत्र साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिन्छ।
२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका दिनको १:०० बजेदेखि खुल्ला रहनेछ।
३. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा कम्पनीको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन्। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०८०/१०/२६ गते ०२:०० बजे (अर्थात् सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै) भित्र कम्पनीको मध्ये बानेश्वर-३१, काठमाण्डौ स्थित केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ।
४. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञांसा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।
५. कुनै शेयरधनी महानुभावहरुलाई कम्पनी सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्योहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै कम्पनीको केन्द्रिय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
६. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

CHANDRAGIRI HILLS LIMITED
Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

चौधौं वार्षिक साधारण सभाको अभिलेख (माइन्यूट)

कम्पनी ऐन २०६३ को दफा ७५(३) को व्यवस्था वमोजिमको सार्वजनिक सूचना

चन्द्रागिरि हिल्स लिमिटेड काठमाडौंको मिति २०८०/०९/०३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार आज मिति २०८० साल पौष २६ गते बिहीबारका दिन बोलाइएको कम्पनीको चौधौं वार्षिक साधारणसभा यस चन्द्रागिरि हिल्स लिमिटेडको टप स्टेशनमा रहेको सभाहलमा सञ्चालक समितिका अध्यक्ष श्री हेमराज ढकालज्यूको सभापतित्वमा दिनको १२.३० बजे सुरु भई २:०० बजेसम्म देहाय बमोजिमका प्रस्तावहरू उपर छलफल गरी निम्नानुसार निर्णय गरी सु-सम्पन्न भयो।

सभाको सूचना :
कम्पनीको मिति २०८०/०९/०३ गते बसेको सञ्चालक समितिको बैठकले चौधौं वार्षिक साधारणसभा बोलाउनको लागि आजको मिति तोक्ने निर्णय गरे पश्चात् कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२)को व्यवस्था वमोजिम कम्पनीको १४ औं साधारण सभाको लागि सभा हुने मिति, समय, स्थान, छलफलका प्रस्तावहरू र शेयर दाखिला खारेज दर्ता किताव वन्द रहने सम्वन्धी सूचना क्रमशः मिति २०८० पौष ४ गते बुधबार र पौष २३ गते सोमवार गरी दुई पटक राष्ट्रिय दैनिक नयाँ पत्रिकामा निकालिएको थियो। त्यसैगरी यसरी प्रकाशन गरिएको सूचनासहित कम्पनीको आ.व ०७९/०८० को लेखापरीक्षण सम्पन्न भएको वासलात, आय-व्यय हिसाव र नगद प्रवाह विवरणसहितको वार्षिक आर्थिक प्रतिवेदन विवरण कम्पनीको वेव साइड www.chandragirihills.com मा समेत शेयरधनी महानुभावहरूको अधिकतम जानकारीको लागि उपलब्ध गराइएको छ।

सभाको वैधानिकता :
कम्पनीको चौधौं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार बोलाइएको र कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा वढी शेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तिमा ५ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान रहेकाले कम्पनीको १४औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिर जनाउने शेयरधनीको संख्या सो भन्दा वढी भएकाले कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानुनअनुसार सभा बैधानिक भएको जानकारी गराउनुभयो।

सभाको विषय सूची :-
क) सामान्य प्रस्ताव
१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत चौधौं वार्षिक प्रतिवेदन पारित गर्ने।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त आ.व.२०७९/०८० को आय-व्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने।
३) कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व.२०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

(ख) विविध
१. लेखापरीक्षक परिवर्तन तथा नियुक्ति अनुमोदन गर्ने सम्वन्धमा।
२. सञ्चालक समितिका सदस्यहरूको बैठक भत्ता परिमार्जन गर्ने सम्वन्धमा।

निणर्यहरू :
क) सामान्य प्रस्ताव :
१) प्रस्ताव नं. १, सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत चौधौं वार्षिक प्रतिवेदन पारित गरियोस् भनी सभामा राखिएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो।
२) प्रस्ताव नं. २, लेखा परीक्षकको प्रतिवेदनसहितको आ.व. २०८० साल आषाढ मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त भएको आ.व.२०७९/०८० को आयव्यय हिसाव र नगद प्रवाह विवरणलगायतका वित्तीय विवरणहरू स्वीकृत गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो।
३) प्रस्ताव नं. ३, कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने विषय उपर छलफल हुँदा यस कम्पनीको आ.व. २०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको रूपमा वि.बि. जोशी एण्ड एसोसिएट्स्, चार्टड एकाउन्टटेन्टस्लाई लेखापरीक्षकको रूपमा नियुक्ति गर्ने र निजको पारिश्रमिक वापत रु.४,५०,००० (चार लाख पचास हजार मात्र भ्याट बाहेक) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

ख) विविध प्रस्ताव :
१. लेखापरीक्षक परिवर्तन तथा नियुक्ति अनुमोदन गर्ने सम्वन्धमा।
लेखापरीक्षक परिवर्तन तथा नियुक्ति अनुमोदन गर्ने प्रस्ताव माथि छलफल हुँदा यस कम्पनीको मिति २०८०/०८/२१ मा बसेको सञ्चालक समितिको ५४औं बैठकबाट साविकको लेखापरीक्षक भट्ट एण्ड कम्पनी, चार्टर्ड एकाउन्टटेन्टस्, पि.वाई.सि.एण्ड एसोसिएटस् चार्टर्ड एकाउन्टटेन्टस्मा मर्ज भएकोले आ.व. २०७९।८० का लागि लेखापरीक्षकको रूपमा उक्त मर्ज भएको पि.वाई.सि.एण्ड एसोसिएट्स्, चार्टर्ड एकाउन्टटेन्टस्लाई साविकको लेखापरीक्षण शुल्क रु ४,५०,००० (अक्षरेपी चार लाख पचास हजार रुपैयाँ मात्र, भ्याट बाहेक) कायम रहने गरी गरिएको लेखापरीक्षक नियुक्तिको निर्णयलाई सर्वसम्मतिबाट अनुमोदन गरियो।
२. सञ्चालक समितिका सदस्यहरूको बैठक भत्ता परिमार्जन गर्ने सम्वन्धमा।
सञ्चालक समितिका सदस्यहरूको बैठक भत्ता परिमार्जन गर्ने प्रस्ताव माथि छलफल हुँदा सञ्चालक समितिको प्रति बैठक भत्ता निम्नानुसार गर्ने प्रस्ताव पारित गरियो।
अ) सञ्चालक समितिका अध्यक्षज्यूको हकमा रु १५,००० प्रति बैठक (करसहित)
आ) सञ्चालक समितिका सदस्यज्यूहरूको हकमा रु १०,००० प्रति बैठक प्रति व्यक्ति (करसहित)
३. विविध विषयमा अन्य प्रस्ताव नभएकाले अध्यक्षज्यूबाट सभा विर्सजन भएको धोषणा गर्नुभयो।

आज्ञाले
कम्पनी सचिव

विधेयकको...

पृष्ठ १ बाट क्रमशः

छ। यसमा मोडल के हुन सक्छ ?' उनले सोधे। यसमा विधायन समिति सचिव नुमराज खनालले थपे, 'अहिले संसद्ले वेबसाइटमा राख्दा पनि सर्वसाधारणको आइरहेको छैन। स्वार्थ समूहको मात्रै आउँछ। सर्वसाधारणलाई कसरी जोड्ने भन्ने कुरा मुख्य हो।'

जवाफमा एमाले राष्ट्रिय सभा दलका नेता देवेन्द्र दाहालले सबै स्थानीय तह र प्रदेशबाट वेबसाइटमा हेर्न लगाएर वा इमेल पठाएर पनि माग्नुपर्ने बताए। 'जनताका लागि कानुन बन्ने र जनतामै प्रवाहित हुने भएकाले फलानो वेबसाइट हेरेर सुझाव दिनुस् भनेर राष्ट्रिय सञ्चारमाध्यममार्फत प्रकाशित गर्दा अलि बढी आउला। यो विधेयक यहाँनेर छ भनेर वेबसाइटको ठेगाना दिएर छापामा प्रकाशित गरौँ,' उनले भने। यस विषयमा कानुन यसरी बन्यो भन्ने जनतामा जानकारी नै नरहेको भन्दै उनले कानुन मन्त्रालयबाट रेडियो र टेलिभिजनमार्फत प्रचार गरिएको भने पनि वास्तविक रूपमा थाहा पाएको अवस्था नरहेको बताए।

कांग्रेस प्रमुख सचेतक अनिता देवकोटाले सर्वसाधारणबाट सुझाव लिन सामाजिक सञ्जाल उपयोगी हुने सुझाव राखिन्। विधायन समितिले सामाजिक व्यवहार सुधार ऐनलाई मापन गर्ने बेला सर्वसाधारणबाट सुझाव लिने भनेर वेबसाइटमा राखेको कसैले पनि नहेरेको र पछि फेसबुकमा राखेपछि सुझाव आउन थालेको उदाहरण दिँदै उनले भनिन्, 'त्यसैले सर्वसाधारणले के माध्यम प्रयोग गर्छन् भन्ने पनि ध्यान दिनुपर्छ।'

एमाले सांसद भगवती न्यौपानेले वेबसाइटका साथै सामाजिक सञ्जालबाट पनि सुझाव लिनुपर्ने बताइन्। 'कानुन कसरी बन्दै छ, कहिले आउँदै छ, के विषयमा छलफल हुँदै छ भन्ने थाहा हुँदैन नै, साथै सुझाव कसरी दिने भन्ने पनि थाहा नपाएर सर्वसाधारण जोडिँदैन, सुझाव दिने माध्यम थाहा नपाएर आउँदैन,' उनले भनिन्, 'सुझाव लिँदा सांसदहरूले आफ्नो सामाजिक सञ्जालबाट सुझाव माग्ने, वेबसाइटबाट सुझाव माग्ने र त्यसको प्रचार गर्ने कुरामा राष्ट्रिय मिडियाबाट आह्वान गरेमा आउँछ।'

एमालेकै विमला राई पौड्यालले सर्वसाधारणमा पुर्‍याउने सवालमा अहिलेको प्रभावकारी माध्यम भनेको मोबाइल भएको बताइन्। 'नेपाल टेलिकमबाट दसैँमा हेप्पी दसैँ, तिहारमा हेप्पी तिहार भनेर म्यासेज पठाएजसरी एउटा नोटिफिकेसन यससम्बन्धी विधेयक यो वेबसाइटमा राखिएको छ, सरोकारवालाको जानकारीका लागि, सुझाव दिन सक्नुहुनेछ भनेर पठाइदियो भने प्रभावकारी हुन्छ। आफूलाई छुने विषय छ भने राय-सुझाव दिन्छन्। यसमा खर्च पनि धेरै हुँदैन, अझ टेलिकमको सब्सिडेरी हुन्छ,' उनले भनिन्। यद्यपि, सरकारले एकैपटक हतारमा कानुन बनाउने र पछि संशोधन गर्दै जाने भन्ने समस्याले सुझाव लिने कुरा प्रक्रियामै सीमित हुनेतर्फ उनले ध्यानाकर्षण गराइन्।

स्वतन्त्र सांसद खिमलाल देवकोटाले पनि वेबसाइट र सामाजिक सञ्जालमा राखेर जाँदा सुझाव आउने बताए। उनले विधेयकको मस्यौदामा सुझाव लिन विज्ञ बोलाउँदा ख्याल गर्नुपर्नेमा जोड दिए। 'सम्बन्धित मन्त्रालयले मस्यौदा छलफलमा विज्ञ बोलाउँदा सबै पक्षको प्रतिनिधित्व हुने गरी बोलाउनुपर्छ। विज्ञ को बोलाउने, मन्त्रालयले विज्ञ कसलाई ठान्छ भन्ने विषय स्पष्ट लेखौँ,' उनले भने।

सांसद गंगा बेल्वासेले सर्वसाधारणसँग सहज पहुँचका लागि मोबाइलको रिङटोन पनि माध्यम हुन सक्ने सुझाइन्। विधायन समिति सचिव खनालले संसद् र मन्त्रालयहरू नागरिकको पहुँचमा नरहेको विगतको अभ्यासले देखाएको भन्दै संघदेखि स्थानीय तहसम्म विधेयकमा पहुँच सुनिश्चित गर्न कुनै मेकानिजम बनाएर जाँदा उपयुक्त हुने धारणा राखे।


कानुन मन्त्रालयका सचिव सापकोटाले विधेयकमा उल्लेख हुने विषयवस्तुको अवधारणापत्र बनाएर सर्वसाधारणमाझ सुझाव लिन जानुपर्ने बताए। उनले वेबसाइटमा मात्र राख्दा प्रभावकारी हुन नसकेको स्विकार्दै सामाजिक सञ्जालमा पनि राख्दा हुने सहमति जनाए।

तर, विधेयकको पूरै मस्यौदा सार्वजनिक गर्ने कुरामा उनले असहमति जनाए। 'विधेयक पढ्यो भने हामीलाई त बुझ्न सकस हुन्छ भने पब्लिकले बुझ्न त गाह्रै हुन्छ,' उनले भने, 'विधेयकमा यो छ भनेर मितिसहित उल्लेख गरेर अवधारणापत्र बनाऔँ। कन्टेन्ट यो-यो छन्, यसरी गरेका छन् भन्ने राखेर जाऔँ।'


नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यानयाँ
शनिबार ६ माघ ०८०
nayapatrikaofficial @naya_patrika

त्यो भक्तपुर, यो भक्तपुर

आफ्नोपन रहे मात्रै हामी रहन्छौं, आफ्नोपन नभए जतिसुकै आधुनिक भए पनि अर्थ छैन



७० को दशकमा भक्तपुरको पाँचतले मन्दिरको सेरोफेरो । तस्बिर : डिजिटल आर्कियोलोजी फाउन्डेसन



०७२ को भूकम्पअगाडिको पाँचतले मन्दिर । तस्बिर : ओल्ड फोटो नेपाल



हालको पाँचतले मन्दिर

पहिले सामानसँग सामान साट्ने चलन थियो । चामल, तरकारीसँग माटोका सामान, कपडा साटिन्थे । अब त सबै कुरा पैसामै कारोबार हुने भयो । पर्म लगाउने चलन हरायो । खेत रोप्न, बाली उठाउन एक-अर्कालाई सहयोग गर्ने चलन थियो । मानिसहरू एक-अर्कालाई खुलेर सहयोग गर्थे । अहिले सबै हराउँदै गयो । भक्तपुर साँघुरो हुँदै गयो ।

समाज



तेजेश्वरबाबु ग्वंग
संस्कृतिविद्

त्यतिवेला भक्तपुरको मुख्य बजारमा अहिलेजस्तो धेरै घर थिएनन् । जनसंख्या थोरै भएको भक्तपुर आत्मनिर्भर थियो । १९९० सालको भूकम्पले ठूलो क्षति पुऱ्यायो । त्यसपछि जुद्धशमशेरका छोरा बिग्रेडियर जनरल ध्रुवशमशेरलाई भक्तपुरको कमान्डिङ जनरल बनाएर ९० सालको भूकम्पपछि पुनर्निर्माण गर्न लगाएको थियो । १९९२ सालमा जन्मिएकाले आमा, हजुरआमा, मामालगायत घरपरिवारका सदस्यबाट भूकम्पको कथा सुन्दै हुर्किएँ । सुर्की, चुना मिसाएर तयार गरिएको बज्रलेपबाट त्यतिवेलाका घर बन्थे । काठको प्रयोग हुन्थ्यो ।

धेरै घर ०७२ सालको भूकम्पमा भत्किए । फेरि पुनर्निर्माण भयो । अझै बैठक दरबार गेटभित्र (दरबार स्क्वायरभित्र) टेको लगाएर राखेको देखिन्छ । अहिले, घर बनाउन सिमेन्ट प्रयोग हुन्छ । आल्मुनियम र सिसाबाट झ्याल-ढोका तयार हुन्छन् । समय धेरै परिवर्तन भइसक्यो । यद्यपि, भक्तपुरले आफ्नो पहिचान संरक्षण गरेर राखेको छ । यहाँ प्राचीनकालदेखिका काष्ठकलाका (झ्याल, ढोका, टुँडाल, आँखीझ्याल) नमुना देख्न पाइन्छ । पुस्तान्तरणका कारण भाषा, संस्कृति र रीतिरिवाजले निरन्तरता पाइरहेको छ । गाईजात्रा, बिस्केट जात्रा, ठिमीको सिन्दुरे जात्रालगायत यहाँका जात्राको आ-आफ्नै महत्त्व छ । साना केटाकेटीदेखि वृद्धवृद्धासम्म जात्रामा उल्लासमय रूपमा सहभागी हुन्छन् ।

भरियो भक्तपुर

भक्तपुरको मुख्य बजारबाहेक अन्यत्र थोरै मात्र घर थिए । हामी हनुमानघाटमा पौडी खेल्न जान्थ्यौं । त्यहाँ माछा, सर्प, भ्यागुता प्रशस्तै देखिन्थे । उहिले भक्तपुरको मुख्य बजारबाहिर मुस्किलले घर भेटिन्थे । यहाँ (सूर्यविनायक) म ४२ वर्षअघि आउँदा अर्को एउटा मात्रै घर थियो । खेतैखेत र जंगल थियो । अक्सिजन प्रशस्तै थियो । हिउँदमा जाडोको समय थालमा राखिएको पानी जमेर बरफ हुन्थ्यो । यहाँ पुस, माघमा बाक्लै शीत पर्थ्यो । असाध्यै जाडो हुन्थ्यो, कुइरो लाग्थ्यो । रानीकोट, नगरकोट, चाँगुनारायणमा मज्जाले हिउँ पर्थ्यो ।

अहिले प्रदूषणसँगै तापक्रम बढेको छ । ढल, विषादी औषधिका कारण नदीनाला फोहोर भए । खोला मिचेर घर बनाइएका छन्, खोलाको क्षेत्रफल सानो भएकाले बाढी आउँदा 'राधेराधे' क्षेत्रमा ठूलो संख्यामा घर डुबानमा पर्छन् ।

पहिले, भक्तपुरमा पातपतिंगरलाई कुहाएर अर्गानिक मल तयार गरिन्थ्यो । त्यसैलाई खर्पनमा राखेर बारीमा लगेर छरिन्थ्यो । खानेकुरा स्वस्थ्यवर्द्धक थियो । खर्पन उपत्यकाको प्रतीकजस्तै थियो । मानिसहरूले घरमा पनि ठूला-गहिरा खर्पन राखेका हुन्थे । बाली भित्र्याएपछि त्यस्ता खर्पनमा धान भरिन्थ्यो, त्यसपछि फूलको गुच्छा राखेर पूजा गर्ने अनि 'खासे खासेः वा' भनेर गाउँदै रमाइलो गरिन्थ्यो । मानिसहरू लाइनै लागेर उमंगका साथ खुसियाली साट्थे । तीन-चार महिना हिलो माटोमा चोपलिएर, झरीमा रुझेर हुर्काएको बाली भित्र्याएपछि प्रफुल्लित भएर गाउने गरिएको हो । 'खासे' भनेको उमंग हो । अहिले धानखेती नै कम भएपछि यो जात्राको रस पहिलेजस्तो छैन ।

पहिले, भक्तपुरबाट काठमाडौंमा रातो मुला निर्यात गरिन्थ्यो । काउली काठमाडौंबाट आउँथ्यो । अहिले त यहाँ पनि काउली खेती टन्नै हुन्छ । अर्कोतर्फ, काठमाडौं र ललितपुरमा पनि कृषियोग्य जमिन धेरै मासिए । यहाँभन्दा त्यता धेरै प्रदूषण र कोलाहाल छ । मानिस गाउँमा बस्न नसक्ने भए । भागाभाग भएर आए । काठमाडौं र ललितपुरसँगै यहाँ पनि भरियो । खेतीयोग्य जमिनमा कंक्रिटका घर ठडिए ।

परनिर्भरता बढ्यो

आधुनिकतासँगै विदेशीप्रतिको हाम्रो निर्भरता बढेको छ । आजकाल चाहेजस्तो फेसनेबल कपडा किनेर लगाउन पाइन्छ । पहिले, लुगा यहीं बन्थे । रंग पनि त्यसको निख्खर हुन्थ्यो । भादगाउँले टोपी प्रख्यात थियो र छ । कपासको धागोको न्यानो र बाक्लो कपडा लगाइन्थ्यो । सडक-किनारमा महिलाहरू खाली ठाउँमा नर्कट राखेर तान बुनिरहेका भेटिन्थे । तानको भ्यारभ्यार आवाज आउँथ्यो । आजकाल गाडीको ड्यारड्यार आवाज पो आउँछ । सिन्धुपाल्चोकमा चार-पाँच वर्ष हेडमास्टर भएर बर्सें । स्कुल बनाएँ, पढाएँ । त्यहाँ पनि त्यस्तै किसिमको अर्गानिक वातावरण थियो । हावापानी स्वच्छ थियो । पूर्वमा पाँचथर, संखुवासभा, पश्चिममा हुम्ला, डोल्पालगायत देशका सबै जिल्ला घुमियो । सबैतिर वातावरण राम्रो थियो । गृह मन्त्रालयमा अधिकृत थिएँ । पञ्चायतकालमा देशको विकेन्द्रीकरण योजना लागू भएपछि जियोग्राफरहरू ल्याएर सबैलाई तालिम दिएर ७५ जिल्लाको सीमांकन गरियो ।

पहिले, लुगा यहीं बन्थे । रङ पनि त्यसको निख्खर हुन्थ्यो । भादगाउँले टोपी प्रख्यात थियो र छ । कपासको धागोको न्यानो र बाक्लो कपडा लगाइन्थ्यो । सडककिनारमा महिलाहरू खाली ठाउँमा नर्कट राखेर तान बुनिरहेका भेटिन्थे । तानको भ्यारभ्यार आवाज आउँथ्यो । आजकाल गाडीको ड्यारड्यार आवाज पो आउँछ ।

समयअनुसार सबै परिवर्तन हुने नै भयो । सरकार परिवर्तन भयो, व्यवस्था र नेतृत्व परिवर्तन भयो । गाउँ-गाउँमा सडक पुगे । विकासको यो क्रमलाई रोक्न सकिन्न । तर, उद्योगधन्दालाई संरक्षण र प्रवर्द्धन गर्न जरुरी थियो, नसक्दा हामी विदेशीप्रति निर्भर भयौं ।

भक्तपुरमा कालीमाटी पाइन्छ । खनेर जमिनमुनिबाट झिक्छन् । त्यसलाई मज्जाले मुछेर, गिर्खा फालेर, नरम पारेर किसिम-किसिमका भाँडो बनाइन्छ । अहिले यहाँ माटोका भाँडा बन्छ । तर, पहिलेजस्तो छैन । प्लास्टिकका भाँडा र गमला धेरै प्रयोगमा आउन थालिसकेका छन् । घर भत्काएर खन्न भएन । स्थानीय सीपको जगेर्ना र सम्मान गर्ने परिपाटी नहुँदा यस्तो अवस्था निस्कियो ।

पहिले, सामानसँग सामान साट्ने चलन थियो । चामल, तरकारीसँग माटोका सामान, कपडा साटिन्थे । अब त सबै कुरा पैसामै कारोबार हुनेभयो । पर्म लगाउने चलन हरायो । खेत रोप्न, बाली उठाउन एक-अर्कालाई सहयोग गर्ने चलन थियो । मानिसहरू एक-अर्कालाई खुलेर सहयोग गर्थे । अहिले सबै हराउँदै गयो । भक्तपुर साँघुरो हुँदै गयो ।

नेपाली कागजमा विद्वान्हरूले हातैले लेखेर महत्त्वपूर्ण संग्रहहरू तयार गर्थे । । दुई सय वर्ष पुरानो स्वस्थानी व्रतकथा (हातले लेखिएको) मसँग अहिले पनि सुरक्षित छ । कागज अहिले पनि नेपालमा बन्छ । तर, त्यो पर्याप्त छैन । यस्ता धेरै कुरामा हामी परनिर्भर भयौं । प्रविधिको विकास राम्रो हो । तर, आत्मनिर्भर हुन पनि सिक्नुपर्छ ।

घरघरमा देखिने भँगेरा रूखमा सरे

भँगेराको संख्या अहिले घटिरहेको छ । पहिले, प्रत्येक घरमा भँगेरालाई बस्नका लागि सानो प्वाल राखिएको हुन्थ्यो । आजकाल बस्ने ठाउँ नभएपछि भँगेराको संख्या घटिरहेको छ । मन्दिर र पुराना घरमा त्यस्ता प्वाल अनिवार्य राखिएको छ । अहिले पनि कतिपयले राख्ने गरेका छन् । तर, सिमेन्ट प्रविधि भित्रिएपछि बनेका कतिपय घरहरूमा यस्तो व्यवस्था छैन । भँगेरा बसेको ठाउँमा धमिरा पनि नलाग्ने भएकाले घरको काठ पनि जोगिन्थ्यो । भेन्टिलेसनको व्यवस्था पनि हुन्थ्यो ।

पहिले दाउरा बालेर इँट्टा तयार गरिन्थ्यो । आजकाल कोइलाबाट चल्ने मेसिन छन् । यसले वातावरणमा दुष्प्रभाव पारिरहेको छ । अर्कोतर्फ, गाडीबाट निस्कने धुवाँको असर छ । कोरिया जाँदा मलाई त्यहाँका मानिसहरूले फर्टिलाइजर फ्याक्ट्री देखाएका थिए । घरजत्रा फलामका पाइपहरू आकाशमा उठाइएका थिए । त्यहाँ चिनी मल (केमिकलयुक्त मल) तयार हुनेरहेछ । भारत, अमेरिका, बेलायत, रुसजस्ता विकसित देशले वातावरणलाई ध्यान नदिई उद्योगहरू सञ्चालन गर्दा ओजन लेयर पातलो हुँदै गयो । औद्योगीकरणको दुष्प्रभाव विश्वभर नै परिरहेको छ । वातावरण बिग्रने नै भयो । जलवायु परिवर्तनले विभिन्न जटिलता निम्त्याइरहेको छ ।

सम्पदा संरक्षणमा नगरपालिकाको पहल

देशका धेरै ठाउँमा निर्वाचनअनुसार नै पार्टी परिवर्तन भइरहन्छन् । भक्तपुर नगरमा नेपाल मजदुर किसान पार्टीले 'क्लिन स्विप' गर्ने गर्छ । जनताको मन जितेर काम गरेकाले नै यस्तो भएको हो । भाषा संरक्षण र सम्पदा संरक्षणमा धेरै काम गरिरहेको छ । यहींबाट सिकेर अहिले काठमाडौं, ललितपुर र देशका अन्य स्थानीय तहले पनि भाषा तथा संस्कृतिको संरक्षणमा जोड दिइरहेका छन् । काठमाडौं र ललितपुरको दाँजोमा भक्तपुर पृथक् देखिनुको कारण पनि सम्पदा संरक्षण हो ।

देशका सबै स्थानीय तहले यसरी नै काम गरेको भए हाम्रा स्थानीय भाषाहरू लोपोन्मुख अवस्थामा पुग्ने थिएनन् । भाषा-संस्कृतिको संरक्षणमार्फत पर्यटकलाई आकर्षित गर्न सकिन्छ भन्ने उदाहरण नगरपालिकाले देखाएको छ । जस्तो, दरबार स्क्वायरमा विदेशीलाई प्रवेशका लागि टिकटको व्यवस्था छ । सार्क देशका नागरिकलाई अलि कम छ । अध्ययन-अनुसन्धानका लागि यहाँ विदेशीहरू आइरहेकै छन् । विद्यालय र कलेजमा नेवारी भाषामा पनि पढाइ हुन्छ । संस्कृतिबारे कतिपय पुस्तक मैले नै लेखेको छु । पहिले पढाउन पनि जान्थें । अहिले नसक्ने भएँ । जात्राहरू संरक्षणमा पनि नगरपालिकाले जोड दिइरहेको छ । गाईजात्रा हेर्न आउने स्वदेशी तथा विदेशी पर्यटकको भिड थामिनसक्नु हुन्छ । सम्पदा संरक्षणमा अहिले देशका अन्य स्थानीय तहले पनि चासो देखाएका छन् । यो सकारात्मक छ । पहिचान रहे मात्रै हामी रहन्छौं । आफ्नोपन नभए जतिसुकै आधुनिक भए पनि अर्थ छैन । भक्तपुरले आधुनिकतालाई स्विकारे पनि आफ्नो पहिचान मर्न दिएको छैन । यसमा खुसी छु ।

प्रस्तुति : **अन्वेषण अधिकारी**

डकुमेन्ट्री बोरिङ विधा होइन

झन्डै डेढ दशकदेखि सिनेकर्ममा सक्रिय राजन कठेतले फिचर फिल्म, सर्ट फिल्म तथा डकुमेन्ट्री निर्देशन गरेका छन्। उनको सर्ट फिल्म 'बेयर ट्रिज इन द मिस्ट' टोरोन्टो अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा पनि छनोट भएको थियो। उनले फिचर फिल्म 'मोक्ष र 'दोख'को पटकथासमेत लेखे। भर्खरै राजन र सुनिर पाण्डे मिलेर बनाएको 'ढोरपाटन' डकुमेन्ट्री राजधानीको हलमा प्रदर्शन भइरहेको छ। निर्देशक कठेतलाई पवन बराइलीको ६ प्रश्न :

१ नेपालमा डकुमेन्ट्री सिनेमा हलमा प्रदर्शन भएको खासै देखिन्न। तर, तपाईंहरूले 'ढोरपाटन' हलमा प्रदर्शन गरिरहनुभएको छ। किन ?

नेपालमा प्रायः डकुमेन्ट्री बनाएर अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा पठाउने र नेपालका केही फेस्टिभलमा देखाएपछि थन्क्याएर राख्ने प्रचलन छ। डकुमेन्ट्रीलाई मेकर आफैंले पनि हलमा देखाउने कोसिस गर्दैनन्। यसअघि पनि केही नेपाली डकुमेन्ट्री सिनेमा हलमा देखाइएको थियो। पछि निरन्तर रूपमा देखाउन नसकेको देखिन्छ। हामीले यो डकुमेन्ट्री पाँच वर्ष लगाएर बनायौं, र निर्माण प्रक्रियामा पनि निकै दुःख गर्‍यौं। पहिलो त, यस्ता खालको डकुमेन्ट्रीको पनि दर्शक हुन सक्छन् होला र ती दर्शकबीच हामी पुग्न सकिन्छ कि, सकिँदैन ? हामीले भविष्यमा यस्ता खालका चलचित्र बनायौं भने पनि दर्शक त चाहिन्छ। यस्ता खालका चलचित्रका लागि पनि दर्शक बनाउने कोसिस गरौं भन्ने सोचले हलमा प्रदर्शन गरेका हौं।

२ यो डकुमेन्ट्रीले अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा अवार्ड जितेको सुनियो। एकजना मेकरलाई त्यस्ता फेस्टिभलले के फरक पार्दो रहेछ ?

अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलको अवार्डले फिल्ममेकरलाई एकदमै ठूलो महत्त्व राख्छ। अवार्डले एक त कामको मूल्यांकन गर्छ। कतिपय फेस्टिभलले नगद अवार्ड पनि प्रदान गर्छ। यसले आउँदो प्रोजेक्टका लागि पनि सहयोग गर्छ। अवार्ड पाउनेबित्तिकै फिल्मको प्रमोसन तथा मार्केटिङका लागि सहयोग पुग्छ। जसरी 'ढोरपाटन' विभिन्न अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा छनोट भयो। जसले गर्दा नेपालमा फिल्ममेकर, फिल्मको पारखी, फिल्म विश्लेषक तथा पत्रकारले यो फिल्मबारे थाहा पाए। यो फिल्मलाई कसरी हेर्ने, कस्तो फिल्म हो भन्ने धेरैले उत्सुकता जगाए। 'ढोरपाटन'लाई धेरैले चासो देखाएको हुनाले पनि हलमा रिलिज गर्न सक्यौं।



६ प्रश्न
● राजन कठेत
चलचित्र निर्देशक

> साउथ एसियाको कथा भन्नेबित्तिकै विदेशमा दुःखका कथा मात्रै आउँछ भन्ने बुझाइ छ। अझ नेपालबाट हिमाल चढ्नेको कथा, हनी हन्टिङ, नेचरलगायत कथाको मात्रै फिल्म बन्छ भनेर हेर्छन्। जब हामी 'ढोरपाटन'बाट दुई हजुरआमाको कथा लगेर विदेशका केही फेस्टिभलमा गयौं, उनीहरूले फरक कथा पाएर उत्साहित भएर हेरे।

३ 'ढोरपाटन' बनाउने योजना कसरी बन्यो ?

म र सुनिर पाण्डे मिल्ने साथी पनि हौं। फिल्ममा केही नयाँ काम गरौं भनेर सल्लाह गरिरहन्थ्यौं। यसबीचमा सुनिरले 'हेर्ने कथा'मा ढोरपाटनको चौकीदार दुई महिलाको भिडियो हेरेछन्। उनलाई त्यो कथा राम्रो लागेछ। सँगै बसेर ती महिलाको कथा हेरेपछि डकुमेन्ट्री बन्छ कि भनेर सल्लाह गर्‍यौं। गफैगफमा ढोरपाटन जाने योजना बनायौं। सुरुमा ढोरपाटनमा १० दिन बितायौं। १० दिनमा ट्रेलर काट्न सफल भयौं। तर, ट्रेलर लगेर 'डकेज कलकत्ता'मा कथा पिज गर्‍यौं। त्यहाँबाट हामीले अवार्ड पनि जित्यौं। यसरी नै यो डकुमेन्ट्री निर्माण भयो।

४ यो डकुमेन्ट्री दर्शकले किन हेर्ने ?


पहिलो त सिनेमा हलमा मूलधारका चलचित्र मात्रै प्रदर्शन हुन्छन्। डकुमेन्ट्री केही फिल्म फेस्टिभल र सीमित च्यारिटी-सोमा मात्रै देखाइन्छ। तर, डकुमेन्ट्रीलाई पनि 'फिक्सनल' तरिकाबाट बनाउन सकिन्छ भनेर 'ढोरपाटन' बनाएका हौं। यस डकुमेन्ट्रीलाई धेरै दर्शकले मन पराउनु पनि भएको छ। नेपालमा पनि डकुमेन्ट्री फिल्म यसरी पनि बन्दो रहेछ भन्ने अनुभवका लागि पनि यो डकुमेन्ट्री हेर्नुपर्छ।

५ नेपालमा डकुमेन्ट्रीमेकरको खडेरी नै देखिन्छ। यस्तो किन भइरहेको होला ?

पहिलो त डकुमेन्ट्री बनाउन धेरै समय लाग्छ। कुनै विषय र पात्रलाई फलो गर्न कठिन हुन्छ। जसले गर्दा डकुमेन्ट्री बनाउनै गाह्रो छ। नेपालमा केही अग्र फिल्ममेकरले पनि डकुमेन्ट्री बनाउनुभयो। केही राम्रा डकुमेन्ट्रीले विदेशी फिल्म फेस्टिभलबाट अवार्ड पनि जित्यो। तर, उहाँहरू विकासे डकुमेन्ट्रीतिर नै हराउनुभयो जस्तो लाग्छ। अर्को, नेपालका फिल्म कलेजमा डकुमेन्ट्री फिल्मभन्दा फिक्सन फिल्मको बढी पढाइ हुन्छ। डकुमेन्ट्रीलाई एक हप्तामा बनाउन पनि सकिन्छ, सजिलै बनाउन पनि सकिन्छ भन्ने बुझाइ छ। डकुमेन्ट्रीमा कुनै ग्लामर हुँदैन, फिक्सन हुँदैन र डकुमेन्ट्री आफैंमा बोरिङ कन्टेन्ट हो भन्ने अर्को बुझाइ छ। त्यसैले गर्दा नयाँ पुस्ताका फिल्ममेकरमा डकुमेन्ट्रीप्रति खासै चासो देखिँदैन। र, स्तरीय डकुमेन्ट्री बन्न नसकेको हो।

६ नेपालका कथालाई बाहिरका मानिसले कसरी हेर्दा रहेछन् ?

साउथ एसियाको कथा भन्नेबित्तिकै विदेशमा दुःखका कथा मात्रै आउँछ भन्ने बुझाइ छ। अझ नेपालबाट हिमाल चढ्नेको कथा, हनी हन्टिङ, नेचरलगायत कथाको मात्रै फिल्म बन्छ भनेर हेर्छन्। जब हामी 'ढोरपाटन'बाट दुई हजुरआमाको कथा लगेर विदेशका केही फेस्टिभलमा गयौं, उनीहरूले फरक कथा पाएर उत्साहित भएर हेरे।



चित्रबहादुर केसी
अध्यक्ष, राष्ट्रिय जनमोर्चा

संस्मरण

...त्यसपछि मन्त्री पद बोझ लाग्यो

मन्त्री बनेपछि मेरो निचोड के हो भने नेपाली जनतालाई चुस्ने, ठग्ने बाहिरको कोही मान्छे होइन, राज्यसत्तामै पकड भएका, हालिमुहाली गरेकाले नै सर्वसाधारणलाई ठग्दै आएका छन्

> नौ महिना मन्त्री भएर बस्दा मलाई त सत्ता र पद कहिल्यै प्रिय लागेन। बरु बोझजस्तो मात्रै भयो। सधैं ग्लानि अनुभूति भइरह्यो। किन यहाँ आएछु भनेजस्तो लागिरह्यो। मन्त्री भएसम्म कहिल्यै खुसी हुन सकिनँ। नौ महिनापछि सरकार नै विघटन भयो। बल्ल आनन्द महसुस गरेँ।

एकाथरी संकीर्णवादी, जडसूत्रवादी वामपन्थीहरू सरकारमा पनि जानुहुँदैन, सदनमा पनि जानै हुँदैन भन्ने सोचमा हुन्छन्। यो त खालि तात्कालिक ट्याक्टिकल प्रश्न(कार्यनीतिक प्रश्न) हो। कुन वेला के गर्ने अर्थात् संसद्मा जाने या सरकारमा सहभागी हुने विषय तत्कालीन आवश्यकता र वस्तुगत परिस्थितिले निर्धारण गर्ने विषय हो। किन जाने, केका लागि जाने, कहिले जाने विषयचाहिँ मूल प्रश्न हो। बाहिर चर्चा भएजस्तो हाम्रो पार्टी राष्ट्रिय जनमोर्चाले कहिल्यै सरकार या सदनमा नजाने नीति लिएको थिएन।

०७२ अघिसम्म राष्ट्रिय जनमोर्चा सरकारमा सामेल भएको थिएन। यद्यपि, हामी ०५१ सालदेखि नै निरन्तर संसद्मा सहभागी थियौं। ०७२ मा संविधान घोषणापछि छिमेकी मुलुक भारतले नेपालमाथि नाकाबन्दी लगायो। भारतीय नाकाबन्दी हाम्रो सार्वभौमसत्तामाथिकै ठाडो हस्तक्षेप थियो। संविधान जारी गरेको विरोधमा छिमेकी देशले नाकाबन्दी गर्नु गलत थियो। यस्तो परिवेशमा 'राजमो'ले नाकाबन्दीपछि उत्पन्न परिस्थितिबारे छलफल गर्‍यो र नाकाबन्दीविरुद्ध आवश्यकता पर्दा सरकारमा पनि जानुपर्छ भन्ने निर्णय गर्‍यो।

तत्कालीन एमालेको नेतृत्व केपी ओलीले गरिरहनुभएको थियो। उहाँले हाम्रो पार्टीसँग र मसँग धेरैपटक कुराकानी गर्नुभयो। पार्टीले पनि संविधान आफैं बनाएबापत छिमेकीले नाकाबन्दी गर्नु गलत हो भन्यो। त्यसकारण सरकारमा सामेल हुनुपर्छ र सरकारमा बसेरै विदेशी हस्तक्षेपविरुद्ध प्रतिवाद गर्नुपर्छ भन्ने निर्णय गर्‍यो। पार्टीको त्यही निर्णयअनुसार अन्ततः म सरकारमा सामेल भएँ। ओलीजीले नेतृत्व गर्नुभएको सरकारमा उपप्रधानमन्त्री भएँ। विभागीय हिसाबले सहकारी मन्त्रालयको जिम्मेवारी लिएँ। उपप्रधानमन्त्री भएपछि सान, सौकात त भइ नै हाल्नेभो। किनकि त्यो सर्वहाराको राज्यसत्ता थिएन। गइसकेपछि सुरक्षागार्डको व्यवस्था, जहाँ गयो त्यहीँ सलामीको, सरकारी आवासलगायत सुविधा मेरा लागि नयाँ अनुभूति थियो। पहिलो दिन त्यो रमझम र सानसौकत देख्दा यसकारण पो राजनीति गर्ने मान्छेले सरकारमा जान, मन्त्री बन्न बल गर्दा रहेछन् भन्ने अनुभूति भयो। अरूले कालो बोका काटेर क्वार्टर सर्दा रहेछन्, तर मैले त्यसरी बोका काट्ने काम गरिनँ। हामी डेरा गरेर, भाडा तिरेर बसेका, दुःख पाएका व्यक्तिलाई सामान्यतया राज्यको त्यो ओहोदा र सेवा-सुविधा धेरै हुँदो रहेछ जस्तो लाग्यो। मैले प्रयोग गर्ने गाडी स्वाभाविक मूल्यको साधारण नै थियो।

उपप्रधानमन्त्रीका लागि राज्यले जे-जे सुविधाको व्यवस्था गरेको छ, मैले पनि त्यही नै उपभोग गरेँ। किनभने म नै पहिलो उपप्रधानमन्त्री थिइनँ, त्यतिवेला मसहित ६ जना व्यक्ति एकैपटक उपप्रधानमन्त्री भएका थियौं। बरु त्यति धेरै उपप्रधानमन्त्री किन बनाइयो भन्दै सरकारको आलोचना भयो। मैले कुनै सामान यस्तो चाहिन्छ भनेर कसैलाई भनिनँ, न सरकारी कर्मचारीले नै हजुरलाई के आवश्यक पर्छ भनेर सोधे। मन्त्री भएपछि पहिलो दिन बधाई दिन आउने कुरा स्वाभाविक थियो। देशको उपप्रधानमन्त्री भएकोमा जिल्लाका नेता-कार्यकर्ता, शुभेच्छुक, नातागोता, भाइसाथीले भेटेर बधाई दिए। त्यसो त, निर्वाचन जितेर सांसद हुँदा पनि मलाई त्यसरी नै बधाई आउँथ्यो। स्कुलको मास्टर हुँदा होस् या हेडमास्टर, बधाई आउने गरेकाले मन्त्री बन्दाको बधाई र शुभकामना कुनै नौलो विषय थिएन।

मन्त्री बनेपछि अलिक फरक अनुभूति हुने कुरा स्वाभाविक थियो। त्यति महत्त्वपूर्ण ठाउँमा पार्टीले विश्वासका साथ जिम्मेवारी दिएर पठायो। अब जिम्मेवारी कसरी पूरा गर्ने होला ? पहिलो दिन सुत्ने वेला मेरा मनमा यस्तै थुप्रै प्रश्नहरू खेले। मन छोयो। विभागीय हिसाबले मैले गरिबी निवारण तथा सहकारीमन्त्रीको जिम्मेवारी पाएको थिएँ। मन्त्री भएको थाहा पाएपछि विशेषतः सहकारीपीडितहरूले धमाधम फोन गरेर बधाई दिन थाले। उनीहरूलाई लागेछ, चित्रबहादुर केसी सहकारीमन्त्री भयो, सहकारीका ठगहरूलाई अब पाता कसेर बान्छ, कारबाही गर्छ, हाम्रो बचत फिर्ता गरिदिन्छ। सहकारीपीडितहरू धेरै खुसी भएछन्। त्यसैले बधाईको धेरै फोन सहकारीपीडितकै थियो। त्यसबाट मैले सहकारी क्षेत्रमा कति धेरै बेथिति रहेछ, जनता कसरी लुटिएका रहेछन् भन्ने थाहा पाएँ। हुन त त्यसअघि पनि केही पनि थाहा नभएको त थिएन। तर, बाहिर यदाकदा पत्रपत्रिकामा मात्र सुनिन्थ्यो। मैले उतिसारो गम्भीर रूपमा लिएको पनि थिइनँ।

> पहिलो दिन त्यो रमझम र सानसौकत देख्दा यसकारण पो राजनीति गर्ने मान्छेले सरकारमा जान, मन्त्री बन्न बल गर्दा रहेछन् भन्ने अनुभूति भयो। अरूले कालो बोका काटेर क्वार्टर सर्दा रहेछन्, तर मैले त्यसरी बोका काट्ने काम गरिनँ।

त्यतिवेला ठग्ने सहकारीमध्ये चर्चामा थियो-ओरियन्टियल सहकारी। त्यस सहकारीले सर्वसाधारण निक्षेपकर्ता सदस्यको करिब १२ अर्ब रुपैयाँ हिनामिना गरेको थियो। म मन्त्री क्वार्टरबाट थापाथली माइतीघर हुँदै सिंहदरबार कार्यालय जान्थेँ। तर, सिंहदरबार अगाडिको बाटाबाटामा पीडितहरूले घेर्थे, भेट्न खोज्थे। मैले त्यतिवेला सुनेँ- ६५ जना सहकारीपीडितहरूले आत्महत्या नै गरे। विशेषगरी छोराबुहारीसँग मेलमिलाप नभएपछि छुट्टिएर अंश लिएका बुढाबुढी बाबुआमा ठग सहकारीको चंगुलमा परेको पीडा व्यथा थाहा पाएँ। उनीहरूले अचल सम्पत्ति बेचेर नगद पैसा बैंकमा राखे। तर, जब सहकारी सञ्चालकहरूले त्यसरी बैंकमा पैसा राखेको थाहा पाए, त्यसपछि उनीहरू धेरै ब्याज दिने प्रलोभन देखाएर उनीहरूकहाँ धाउन थाले। १५ देखि २४ प्रतिशतसम्म ब्याज

६ माघ (शनिबार) - १२ माघ (शुक्रबार)

साप्ताहिक राशिफल



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो : ९८५१०६११२४

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुने योग छ। परिस्थितिसँग केही सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। साताको अन्त्यमा धार्मिक यात्रा तथा भ्रमणको मौका मिल्नेछ।

वृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

बौद्धिक कार्यबाट धनलाभ हुनेछ। आफ्नो प्रतिभा अरूलाई देखाउन सकिनेछ। पढाइलेखाइमा प्रगति हुनेछ। बुधबार र बिहीबार पेटको खराबीले स्वास्थ्य भने कमजोर रहला। व्यावसायिक काम बीचमा अवरुद्ध बन्न सक्छ। साताको अन्त्यमा सन्तानका माध्यमबाट काम बन्ने देखिन्छ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भमा परिवारजनको सहयोगले फाइदा लिन सकिनेछ। सरकारी कामकाजबाट सम्मान प्राप्तिको योग छ। मातृधन तथा राय-सुझावबाट लाभ उठाउन सकिनेछ। साताको अन्त्यमा पशुधन र जमिनबाट विशेष लाभ होला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सानो प्रयत्नले पनि राम्रो फाइदा उठाउन सकिनेछ। कृषिकर्म र व्यावसायिक काममा केही लगानीपछि फाइदा हुनेछ। प्रशस्त धन आर्जन गर्ने मौका छ। पराक्रम र उत्साह बढ्नेछ। उद्योग र व्यापारमा विशेष फाइदाको योग छ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

विचारले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्नेछन्। सहयोगीहरूले काममा साथ दिनेछन्। साताको अन्त्यमा सभा-समारोहमा सहभागी बन्ने मौका मिल्नेछ। मान-सम्मानमा अलि आघात पर्ने योग रहेको छ। वैदेशिक यात्रा सफल हुनेछ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

पारिवारिक जमघटमा मन रमाउनुका साथै विशिष्ट व्यक्तित्वसँग भेटघाट हुनेछ। स्वादिष्ट भोजनको आनन्द मिल्नेछ। मंगलबारदेखि रोकिएका काम बन्ने र नयाँ काम पाइने योग छ। साताको अन्त्यमा भेटघाटमा अलमलिनाले कामलाई बाधा पुग्नेछ। खानपानमा सचेत रहनुपर्ने छ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)

साताको प्रारम्भमा विदेश भ्रमणका लागि प्रयत्न गर्दा सफलताको योग छ। सेयरबजारमा लगानी बढाउँदा आर्थिक लाभ मिल्नेछ। साताको अन्त्यमा बनिसकेको काम बिग्रिनाले मन खिन्न रहनेछ। साझेदारीमा पनि होसियारीसाथ काम लिनुपर्ने समय छ।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)

आम्दानी बढ्ने र उठ्नुपर्ने रकम प्राप्तिको योग छ। पैत्रिक सम्पत्तिको उपयोगबाट थप लाभ हुन सक्छ। नयाँ ज्ञान सिक्ने मौका छ। कृषि तथा पशुपालनमा कम र व्यापारमा सामान्य फाइदा हुने देखिन्छ। साताको अन्त्यमा बन्दै गरेका काममा रोकावट र आकस्मिक खर्चसमेत बढ्ने योग छ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको प्रारम्भमा अरूलाई प्रभावित पारेर काम बनाउने योग छ। दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ। सामाजिक कामको दायित्व बढ्नेछ। काममा मातापिताको सहयोग प्राप्त हुनेछ। बुधबार र बिहीबार अनावश्यक खर्च हुने क्रम भने बढ्ने सम्भावना छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

सामाजिक उत्तरदायित्व वहन गर्ने समय छ। नयाँ काम र जिम्मेवारी हात पार्ने मौका छ। धार्मिक तथा परोपकारजन्य क्रियाकलापबाट प्रतिष्ठा पाइनेछ। साताको अन्त्यमा सहयोगीले साथ दिए पनि काम पूरा नहुन सक्छ। ठूलो सहयोगको आशा देखाउनेबाट धोका पाइने सम्भावना छ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)

कामका लागि गरिएको भ्रमणमा समय मात्र बित्नेछ। सानातिना काम र घरेलु समस्यामै अल्झनुपर्ने देखिन्छ। औषधि उपचारमा खर्च हुने योग छ। व्यावसायिक काममा पनि विभिन्न समस्या आउन सक्छन्। इष्टदेवको पूजा-उपासना गर्नाले फाइदा पुग्ने योग छ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

मनोरञ्जनका साधन जुट्नुका साथै व्यावसायिक रमाइलो यात्राको योग रहेको छ। आम्दानी प्रशस्तै बढ्नेछ। आतिथ्यपूर्ण सम्मान पाइएला। दाम्पत्य जीवन सुखद तथा समृद्ध बन्नेछ। साताको अन्त्यमा सवारीसाधन उपयोग गर्दा अलि सावधानी अपनाउनुपर्ने समय रहेको छ।

समीक्षा



कृष्णमुरारी भण्डारी

मृत्युको मुखमा पुगेर फर्केको व्यक्तिले आफ्नो बारेमा होइन, देशको समृद्धिका बारेमा लेखेको पुस्तक 'समृद्धिको हुटहुटी' एकै सिटिङमा पढिसकेर यो समीक्षा लेख्न बसेको छु। मान्छे कसरी यस्तो ढिठ बन्न सक्छ ? दुःख, पीडा, परिवार, आर्थिक शारीरिक समस्या, अभाव, औषधि, पथपहरेज आदिबारे गनगनको सट्टा देशको समृद्धिबारे चिन्ता बिरलैले गर्छन्। अधिकांशको चिन्ता र चासो दैनन्दिनमै हुन्छ। अपवादमा परेका छन् लेखक अश्विन पुडासैनी। के कारणले उनलाई आफ्नो देहको हुटहुटी अभिव्यक्त गर्नुको सट्टा देशको समृद्धिको सूत्र बुन्न हुटहुटी जाग्यो ?

लेखकले पुस्तकमा दुइटा लेखकीय लेखेका छन्। कुन सन्दर्भमा यो पुस्तक लेख्ने प्रेरणा आयो ? के कारणले यो पुस्तक लेख्नुपरेको हो भन्ने जवाफ दोस्रो लेखकीयमा प्रकाश पारेका छन्। त्यसबाहेक यो पुस्तकमा अरू कसैको भनाइ वा मन्तव्य



सहकारीको नामबाट मान्छे यसरी ठगिएका छन्, राज्यसत्तामा पहुँच हुनेहरू नै त्यस्तो ठगी धन्दामा लाग्दा रहेछन् भर्ने ।

सहकारी मन्त्रालयमा एकजना कर्मचारी थिए । उनले सुरुमै मलाई सुझाव दिए, 'तपाईं सोझो मान्छे, फकाउन कोसिस गर्छन्, सहकारीका ठगले किन्न पनि कोसिस गर्छन्, त्यसकारण तपाईं धेरै सतर्क हुनुहोला ।'

सहकारीका ठगहरूको त राज्यको उपल्लो तहमा बसेका उच्च पदका व्यक्तिसँग नै उठबस र संगत हुँदो रहेछ । उनीहरू पावरफुल हुँदा रहेछन् । अहिले जसरी सहकारीले ठगेको कुरा आइरहेको छ, त्यो उनीहरूले त्यत्तिकै गरेका छैनन् । मन्त्री भएर बस्दै गर्दा मैले के अनुभूति गर्रे भने राज्यसत्ताको उपल्लो तहमा बसेका व्यक्ति स्वयं ती सहकारी ठगहरूलाई सहयोग गर्ने र उनीहरूबाट पनि आफूले सकेसम्म धेरै फाइदा लिने र ठगहरूको साधारणसभामा गएरसमेत बोलिदिने गर्दा रहेछन् । राज्यसत्ताको उपल्लो ओहोदामा बस्ने मान्छेहरूकै मिलिभगतमा, सहयोगमा सांसदहरू सहकारी चलाउने । मन्त्रीहरू देखिन्नन् तर सहकारी चलाइरहेका हुन्छन् । पार्टीका जिम्मेवार नेताले सहकारी चलाएका हुँदा रहेछन् ।

मलाई प्रधानमन्त्री ओलीकै सामुन्ने एमालेका नेताहरूले, सांसदहरूले, कांग्रेसका नेता र सांसदहरूले सहकारीका मान्छेहरूलाई भेट्टाउने भन्दै लगे । प्रधानमन्त्रीलाई उनीहरूले चित्रबहादुर दाइलाई सहकारीको कुरा बुझाउनै सकिएनसम्म भने । आश्चर्यको विषय त्यो छ । मैले उनीहरूको साधारणसभामा सहभागी हुन अस्वीकार गरेपछि उनीहरूले कुनै कार्यक्रममा राष्ट्रपतिलाई लगे, कतै सभामुखलाई, कतै स्वयं प्रधानमन्त्रीलाई नै प्रमुख अतिथि बनाएर लगे । त्यसकारण मन्त्री बनेपछि मेरो निचोड के हो भने नेपाली जनतालाई चुस्ने, ठग्ने, बाहिरको कोही मान्छे होइन । राज्यसत्तामै पकड भएका, हालिमुहाली गरेकाले नै सर्वसाधारणलाई ठग्दै आएका छन् । अहिले पनि सहकारीले ठगेको कुरा आएको छ । बागलुङतिर देवकुमार भन्ने एकजना मेयर थिए । पहिलेका माओवादी उनी पछि एमालेबाट मेयर निर्वाचित भए । उनले करोडौँ रुपैयाँ हिनामिना गरेर भूमिगत भएका छन् । उनको काठमाडौं र पोखरा, बागलुङसहित १८ ठाउँमा घर छ । उनी हेलिकोप्टरमा मात्र सयर गर्थे । उनको सानसौकातको रहस्य त बल्ल खुलेको छ । अझ सुरुमा त उनले ब्याज लिन जानेहरूलाई पेटभरि खुवाएर, सत्कार गरेर पठाउँदा रहेछन् । कैयन् सहकारी उनले गाभे । त्यस्ता देवकुमारहरूलाई राज्यसत्तामा बस्नेहरूले नै संरक्षण गरेका छन्, पैसा खाएका छन् । अर्का व्यक्ति हुन्, इच्छाराज तामाङ । सहकारीको अगुवा उनले सिभिल सहकारीको आठ अर्ब रुपैयाँ डुबाएका छन् । यसैगरी ठूला पार्टीका धेरैले सहकारीमार्फत जनतालाई ठगी गरेका छन् ।

राज्यसत्ताको दुरुपयोग गरेर हालिमुहाली गर्ने मान्छेहरूकै कारण भ्रष्टाचार मौलाएको हो । नौ महिना मन्त्री भएर बस्दा मलाई त सत्ता र पद कहिल्यै प्रिय लागेन । बरु बोझजस्तो मात्रै भो । सधैँ ग्लानि अनुभूति भइरह्यो । किन म यहाँ आएछु भने जस्तो लागिरह्यो । मन्त्री भएसम्म कहिल्यै खुसी हुन सकिनँ । नौ महिनापछि सरकार नै विघटन भयो । बल्ल आनन्द महसुस गर्रे ।

मेरी श्रीमतीले मन्त्री बन्दा कहिल्यै कुनै सौख व्यक्त गरिनन् । अहिले उनी बिरामी छिन् । तर, मैले स्वास्थ्य उपचारमा त्यति ध्यान दिन सकेको छैन । मन्त्री बनेपछि मलाई यो चाहियो, यो दिनुपऱ्यो कहिल्यै केही पनि भनिनन् । म सांसद थिएँ । तर, श्रीमतीले मधेशमा अरुवा खेती अधियाँमा गरिन् । मैले भेटेँरै भनेँ, 'अब त सांसद भइसकेँ । तलब आउँछ, पार्टीलाई लेबी बुझाएर पनि खानपुग्ने पैसा बचिहाल्छ । तिमी दुइवटा माउभेँसी पाल । छोराछोरी स्कुल जान्छन्, नपुगे बाख्रा पाल्ने, कुखुरा पनि पाल्ने । चामल एक-दुई क्विन्टल पठाइदिन्छु ।' उनले भनिन्, 'यी कुरा मलाई नसुनाउनुस्, तपाईं देश र जनताको सेवा गर्नुस् ।' उनले चार वर्षभरि खेत कमाइन् । २५-३० मुरी धान उब्जाइन् ।

उपप्रधानमन्त्री भएपछि जहान परिवारलाई क्वार्टरमै राखेँ । उपप्रधानमन्त्री हुँदा र अहिलेको मेरो जीवनशैलीमा कहिल्यै उतारचढाव आएन । आवश्यक स्वकीय सचिव पार्टीबाटै राखेँ दुईजना । कानुन जानेकालाई राखेँ । सहकारी ऐन बनाउन धेरै कोसिस गरेँ, पास हुन दिइएन । हिनामिना गर्नेलाई कडा कारबाहीको व्यवस्था भएकाले राखेको प्रस्तावमाथि कैयन् संशोधन गरेपछि बल्ल पास गरे जस्तो लाग्छ ।

● शुरोजंग पाण्डे



दिने प्रलोभन देखाएर, लालचमा पारेर सहकारीले पैसा ल्याए, हिनामिना गरे । उनीहरूले सुरुसुरुमा ब्याज पनि घरमै पुऱ्याइदिए । हाम्रो बागलुङतिर थारो भैँसी या रांगो मार्नुपऱ्यो भने मिठो बन्से घाँस देखाउँछन् । घाँसको लोभले जब उसले चण्डी सोझ्याउँछ, सिकारीले घनले वा बन्चरोको पासोले भैँसी मारेको मैले धेरै ठाउँमा देखेको छु । मैले त्यस्तै कारुणिक चित्र सहकारीले गर्ने ठगीमा पनि देखेँ । जब छोराबुहारीसँग वृद्ध बाबुआमा अलग भए, सम्पत्ति नगद बनाएर बैंकमा राखे, सहकारीका ठगहरूलाई ती सबै कुरा जानकारी भयो अनि आएर उनीहरूले फकाए र पैसा दिए । बाँचेका पीडितहरूले मलाई रुँदै आफ्ना कथा त्यसरी सुनाएका थिए । ब्याज घरमा पुऱ्याउँदा मिठा खानेकुरा दिएर पनि फकाए । थाप्लामा हानेर भैँसी ढाल्नेहरूले जसरी झुक्याए ,त्यसरी नै सहकारी ठगले बुढाबुढी ठगिएको कहानी सुन्दा तिनै गाउँघरको दृश्यको धेरैपटक याद आयो । यी कुरा थाहा पाएपछि मैले त्यतिबेलाको समस्यालाई धेरै गम्भीरतापूर्वक लिएँ । प्रत्येक मन्त्रिपरिषद्को बैठकमा

शान्ति र खुसी बाँड्न जीवन विज्ञानसँग हातेमालो

आफूभित्र शान्ति र खुसीको भण्डार छ भन्ने थाहा नपाएको मानिसले बाहिर खोज्दा नपाएर झनै अशान्त र दुःखी छ । भागवत गीता मानिसभित्र रहेको शान्ति र खुसीको खजाना देखाउने ऐना र प्राप्तिको माध्यम पनि हो । आजभन्दा करिब पच्चीस सय वर्षअघि सिद्धार्थ गौतमले उत्खनन गरेर विश्वलाई शान्तिको सन्देश दिनुभएको थियो । बुद्धको शान्ति सन्देशको अनुसरणमा आवश्यक ध्यान नपुऱ्याउँदा युद्धलाई शान्तिमा बदलेर पनि आज हामी नेपालीले पूर्ण रूपमा शान्ति र खुसीको अनुभूति गर्न पाएका छैनौँ ।

विश्वलाई शान्तिको सन्देश प्रवाह गर्न धेरै पहिले अग्रणी भूमिका खेलेका बुद्ध जन्माउने देशका सन्तति हुनुको नाताले हामी नेपालीले जिम्मेवारी बोध गरी गम्भीर कदम विश्वसामु प्रदर्शन गर्नैपर्छ । आफ्नै देशको अवस्था र युक्रेन तथा गाजामा भड्किएको युद्धलाई मनन गरी शान्तिको झन्डा लहराउन बुद्धभूमिबाटै सुरुवात गर्न अरू ढिला नगरौँ । यसको सुरुवात जीवन विज्ञान संस्थाको संयोजनमा बुद्धभूमि लुम्बिनीमा ३ चैत ०८० देखि एक सातासम्म दैनिक पाँच हजारजनालाई एकसाथ ध्यान योग गराएर कीर्तिमानी ढंगले नेपालसँगै सिंगो विश्वको ध्यानाकर्षण गराउने हेतुले कार्यक्रमको आयोजना हुन गइरहेको छ । यसमा हातेमालो गरेर युगीन कर्तव्य निर्वाह गरेको गौरवपूर्ण अनुभूति र इतिहास रच्ने अवसर जीवन विज्ञान संस्थाले हामीलाई जुराइदिएको छ ।

भागवत गीता पाँचौँ अध्यायको अन्तिम श्लोकमा ध्यान योगतर्फ इसारा गर्दै छैटौँ अध्यायमा ध्यान योगले इन्द्रिय र मन संयमित राखेमा मन मानिसको सर्वश्रेष्ठ मित्र बनी उद्धार हुने, त्यसो नगरेमा आफ्नै मन आफ्नो ठूलो शत्रु बनी हानिकारक हुन पुग्ने जनाउँदै ध्यान योग गर्ने विधि र ज्ञान उल्लेख छ । योग ध्यानको आविष्कार आदि गुरु भगवान् शिवले हाम्रै हिमवत्खण्डमा गरेको मानिन्छ । समयक्रमसँगै ऋषिमुनिहरूले विभिन्न आयाममा अभ्यास गरी विकसित गरे । आधुनिक चिकित्सा विज्ञानले समेत उपचार पद्धतिको रूपमा मान्यता दिई समस्त मानवजगत्लाई उपयोगी सिद्ध योग ध्यान आज सबै जाति भाषा धर्म र सम्प्रदायका मानिसबीच संसारभरि फैलिएको छ ।

योग ध्यानले कसरी शान्ति र खुसी दिन सक्छ ? भन्ने प्रश्न उठ्न सक्छ । आज पनि कतिपय मानिस योग ध्यान त मानसिक रोगी र अप्ठ्यारोमा परेकाले मात्रै गर्ने कुरा हो भन्ने भ्रममा छन् र पारिन्छ पनि । योग ध्यान आफ्नै विज्ञानमा आधारित छ, शारीरिक र मानसिक स्वास्थ्य मात्र होइन, भावनात्मक, बौद्धिक, आत्मिक, प्राणिक र परम स्वास्थ नबिर्घ्रिऊन्, स्वस्थ र प्रभावकारी रहून् भनेर सदा निरन्तर भोजनको अंगको रूपमा हरेक मानिसले गर्नुपर्ने कुरा हो भनी बुझ्नु र बुझाउन जरुरी छ । जोसँग जे छ, उसले त्यही दिन सक्छ भन्ने भगवान् बुद्धको प्रसिद्ध भनाइ छ । हामी आफू ठीक छु कि छैन भन्ने मूल्यांकन नगरी अरूलाई ठीक पार्छु भनी हिँड्दा व्यक्ति, संस्था र देशले अपेक्षित परिणाम पाएन । योग ध्यानले मानिसको बुद्धिसँग विवेक मिलाई ठीक पार्दै खुसी रहन र आत्म मूल्यांकन गर्न सक्षम बनाउँछ । फलस्वरूप मुख्य भगवान् आत्मा हो, आँखा, कान, नाक जिब्रो र छाला देवी-देवता हुन् भन्ने बोध र इवाट्ट सुन्दा मिथ्या लाग्ने कण-कणमा भगवान्को वास छ भन्ने भनाइ व्यवहारमा अनुभूत हुन्छ ।

मानिस र अन्य जीवजन्तु वनस्पतीमा चेतनाको अन्तरसम्बन्ध, एकत्व र परस्पर निर्भरता महसुस गराई सबैप्रति श्रद्धा भक्ति, प्रेम, करुणा र सेवाभाव प्रकट गर्छ । अन्ततोगत्वा मानिस आत्मज्ञानले भरिई आफू शान्त र खुसी हुँदै शान्ति र खुसी अरूमा बाँड्ने लक्ष्य निर्धारण गरी सहजकर्ताको रूपमा निरन्तर अग्रसर हुन्छ । योग ध्यानको शास्त्रगत सैद्धान्तिक कुराको आधारमा होइन, पंक्तिकारलाई दुई-चार महिनाको अन्तरालमा योग

ध्यान



रामचन्द्र शर्मा



योग ध्यानले मानिसलाई खुसी रहन र आत्म मूल्यांकन गर्न सक्षम बनाउँछ । फलस्वरूप मुख्य भगवान् आत्मा हो, आँखा, कान, नाक जिब्रो र छाला देवी-देवता हुन् भन्ने बोध र इवाट्ट सुन्दा मिथ्या लाग्ने कणकणमा भगवान्को वास छ भन्ने भनाइ व्यवहारमा अनुभूत हुन्छ ।

ध्यानले पारेको प्रभाव र गराएको अनुभूति सेयर गर्ने प्रयास हो यो लेख ।

समतामूलक समाज मात्र द्वन्द्वरहित शान्त र समृद्ध हुन्छ भन्ने सोचले वामपन्थी झुकाव राखी माले, एमाले र नेकपामा पुगेको, जनताबीच श्रेष्ठ बनेर जनमतले राज गर भन्ने जबज र गाउँदेखि विकास गर भन्ने प्रजातान्त्रिक समाजवादमा विश्वास गरी कार्यक्रमसहित समृद्धिको स्रोत पहिचान र परिचालन अभियान उठाउने जमर्को गर्दा सरकार, जनप्रतिनिधि र दलहरूबाट बेवास्ता भई मन दुखाई पत्रकार सम्मेलनमार्फत नेकपा परित्याग गरी स्वतन्त्र रहेको अवस्थामा नातेदारको जोडबलमा मर्निङ वाकको विकल्पमा जुममार्फत योग ध्यानको साधनामा प्रवेश गर्रे । दुई वर्षको अभ्यासको क्रममा सामान्य परिवर्तन भएकोमा गत श्रावणमा जीवन विज्ञानको सातदिने चक्र साधनाको प्रशिक्षण र १०१ दिने चक्र साधनामा सहभागी भएपछि चामत्कारिक रूपान्तरण नै आयो । फलस्वरूप जीवनका सबल-दुर्बल पाटा जस्ताको तस्तै स्विकार्ने, अरूको गल्ती खोज्न होइन, सच्याउन सहयोगी बन्ने प्रेम, करुणा र सेवाभाव जगाई आत्मैदेखि खुसी प्रकट भई मनमा शान्ति र मुहारमा कान्ति ल्यायो । समयमा ताजा खाने, छिटो सुत्ने, सबेरै उठ्ने, खुसी हुँदै काम गर्ने र अकस्मात रिस उठ्यो वा झर्को बोली बोलिएमा तत्काल सच्याउन स्वतस्फूर्त सजगता बढाएको छ । परिवर्तनकारी दल र तिनका शीर्ष नेताले हिजो गरेको कष्ट साधना र लोकतान्त्रिक गणतन्त्रलाई जनताको इच्छा ठानी पूर्वराजाले खुसी राजीले गद्दी छाडेकोप्रति सम्मानभाव आत्मैदेखि आएको छ ।

विगत र भविष्यमा निरर्थक भौँतारिने मन के गर्दा आफूसँगै समाज देश र मानवजगत्को बृहत् हित होला भनी वर्तमानमा आत्मचिन्तन गरिरहेको छ । हिजो जेमा र जता पनि समस्या देखी तनावग्रस्त भई अरूमा दोष थुपार्दै आलोचनामा जल्ने मन आज जो पनि सहयोगी र जतातते सम्भावनै सम्भावना देख्दै सबैलाई सघाउन पाएहुन्थ्यो भन्ने परिकल्पनामा रमाएको छ । राजनीति पारस्परिक सम्मानसहितको संयोजन, सहकार्य र आआफ्नो ठाउँबाट अपेक्षित भूमिका निर्वाह गर्ने सहयोगी मनोवृत्तिको प्रदर्शनी बन्नुपर्नेमा खिसिट्युरी, काखापाखा र दोषारोपणको प्रहसन बनाइँदा देशैभरि अविश्वास र नैराश्यले अभूतपूर्व स्तरमा सीमापार गरेको छ । एकता र सहकार्यबाट मात्र विश्वासको पुनर्निर्माण र आर्थिक पुनरुत्थान सम्भव छ । एकता र सहकार्यको वातावरण सिर्जना गर्न सक्षम र सबैले विश्वास गर्न सक्ने माध्यम र शक्ति आजको हाम्रो प्राथमिक आवश्यकता हो ।

जीवन विज्ञानका विशेषज्ञ, नेपाललाई विश्वसामु योग ध्यानको तपोभूमिको रूपमा चिनाई पुर्खाको विरासतलाई पुनर्ताजगी र समृद्ध बनाउने लक्ष्य लिई नेपाली जनजनमा योग ध्यान फैलाउँदै वर्षौंदेखि दिनरात खटिई प्रभाव विस्तार गर्दै आउनुभएका श्रद्धेय गुरुदेवहरूको जीवन विज्ञान संस्था भरपर्दो विकल्प हुन सक्छ । महान् काम सफल पार्न धेरैको साथ चाहिन्छ । संघ, प्रदेश र स्थानीय सबै सरकारी तह, सबै राजनीतिक दल, पेसागत र सामाजिक संघसंस्था, नागरिक अगुवा सबैलाई औपचारिक पत्रद्वारा आह्वान र अनुरोध हुन्छ नै होला । कार्यक्रम आयोजना गरेर संस्था र त्यसमा आबद्धहरूको अग्निपरीक्षा सुरु भइसक्यो ।

अगुवा नागरिकदेखि सरकारसम्म र समाजसेवामा खटिएका संस्थाहरूसमेत परीक्षण हुने अवसर ऐतिहासिक रूपमा जुरेको छ । मननयोग्य र स्मरणीय कुरा यो छ कि न यस्ता अवसर बारम्बार आउँछन्, न अवसरले पर्खिन सक्छ । आफूसँगै देश बनाउन पटक-पटक संघर्ष गर्दै आएका स्वाभिमानी नेपालीले आफूखुसी मान्छे बन्ने यो ऐतिहासिक अवसर गुमाउनेछैनन् ।

ढिठ मान्छेको समृद्धिको हुटहुटी

समावेश गरिएको छैन । सीधै उनी नेपाललाई समृद्ध पार्ने १०१ उपाय लिएर प्रस्तुत भएका छन् ।

जम्मा १२४ पृष्ठको समृद्धिको हुटहुटीलाई सुशासन, समन्याय र विकासको हाते पुस्तक भन्दा न्याय हुन्छ । १०१ विचार र सूत्रलाई सकेसम्म एक उपाय एक पृष्ठमा समेट्न कोसिस गरिएको देखिन्छ । पुस्तक पल्टाउँदै जाँदा पाठकलाई कुन सूत्रले आकर्षित गर्छ, त्यसलाई सम्झन सहज बनाउन राम्रै मिहिनेत भएको छ । लेखकका भावना र अक्षरलाई ख्यातिप्राप्त कपी-इडिटर शरच्चन्द्र वस्तीले कडा मिहिनेत गरेको पुस्तक पढ्दा अनुभूत हुन्छ । सुशासन समृद्धिका एक सय एक पाइला भनेर एक सय एक शीर्षकलाई त्यत्तिकै उपशीर्षक राखेर भाषविद् वस्तीले सूत्रबद्ध बनाइदिएका छन् ।



मृत्युको मुखमा पुगेको व्यक्तिले शाश्वत कुरा बोल्छ भन्ने परापूर्वदेखिको मान्यता हो । त्यस्तो मानिसले ब्रह्मले देखेको बोल्छ भनिन्छ । गंगालाल अस्पतालका डाक्टर अरुण मास्केले यमराजको पन्जाबाट थुतेर लेखक अश्विनलाई बचाएका हुन् । त्यसैले यो पुस्तकमा अश्विनले जे-जति विचार ओकलेका छन्, त्यो उनको मनको भित्री तहबाट नै आएको हुनुपर्छ । कहींकतै उनले तलमाथि गरेको, पूर्वाग्रही धारणा राखेका छन् भने पाठक स्वयंले निफनिहाल्छन्, कसैले भनिरहनै पर्दैन ।

यो पुस्तक अझै कस्तो हुन सक्थ्यो होला ? अहिले प्रकाशित संस्करणमा १०१ च्याप्टर छन् । सय च्याप्टरको किताब लेख्न कति अनुसन्धान चाहिन्छ होला ? सयवटा विषयको सयवटै प्रयोगात्मक अनुसन्धान हुन सक्थ्यो । विषयका फ्याक्टी, त्यसमा स्कलरहरूको संलग्नता, अनुसन्धानको प्रयोग व्यापक हुन सक्थ्यो । क्षेत्र र विषयवस्तुगत पाटामा अझ गहिरिएर जान सक्ने थियो । तर पनि लेखकले आफूलाई लागेका कुरा निर्बिघ्न भएर पस्केका छन् । यसमा विषयविज्ञले थप तथ्यतथ्यांक, तुलनात्मक अध्ययन, सिद्धान्त र व्यवहार तथा परिमार्जित कुरासमेत समेट्न सके पुस्तक अझ गहकिलो हुने थियो ।

१०१ विज्ञहरू भेला भएर अन्तर्क्रिया, विषय मन्थन गरेर यो पुस्तकले उठाउन खोजेका कुरालाई अझ परिमार्जन र समय सान्दर्भिक बनाउनुपर्ने आवश्यकता टड्कारै देखिन्छ । यसो गर्न सक्यो भने यो पुस्तक देश र जनताका लागि साझा रोटी बन्न सक्ने र अझै निर्विवाद हुन सक्ने देखिन्छ ।

माया, प्रेम, विछोड, व्यक्ति प्रशंसा र आत्म प्रवञ्चना लेखनको समयमा समृद्धिको हुटहुटी बेग्लै रूपमा प्रस्तुत गरेको छ । यस अर्थमा लेखकले लेखकमाझ नयाँ र मौलिक प्रस्तुति गरेर बाजी नै मारे भन्दा अत्युक्ति हुँदैन । त्यसैले चलनचल्तीको लेखकीय अभ्यास होइन यो पुस्तक । न पुरस्कारका लागि नै लेखिएको हो । कसैको बजारीकरणका लागि पनि यो लेखिएको देखिँदैन । बजारमा देखिएकामध्ये नितान्त पृथक् छ यो पुस्तक ।

त्यसैले यो पुस्तक सांसदहरू, ७५३ स्थानीय निकाय, तिनका अनगिन्ती वडाहरू, युवा विद्यार्थी, कलेज र विश्वविद्यालयमा अध्ययनरत भाइबहिनी, जुनसुकै विचार र सिद्धान्त मान्ने राजनीतिक पार्टी, तिनका भ्रातृ संगठनहरू, मजदुर किसान, जाति जनजाति संगठनहरू, विज्ञ र विषयविज्ञ, योजनाविद्, टेक्नोक्रेट अनि ब्युरोकेट, लेखक पत्रकार विश्लेषक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ संस्था, मुलुक तथा निकाय, सहकारी, सामुदायिक संघसंस्था र युवा क्लबसम्मका लागि उपयोगी भएकाले यो पुस्तक तिनका लागि हाते पुस्तक बन्न सक्छ । आफूलाई कांग्रेस, कम्युनिस्ट, माओवादी, वामपन्थी, दक्षिणपन्थी, मध्यपन्थी, पुराना-नयाँ भन्ने सबै पार्टी, राष्ट्रवादी, अन्तर्राष्ट्रियतावादी, क्षेत्रीयतावादी भन्ने र ठान्नेहरूका लागि पनि यो पुस्तक उपयोगी देखिन्छ ।

एउटा बहुचर्चित उखान नै छ, नपत्याउँदो खोलाले बगाउँछ ! मिहिन रूपमा हेरिल्याउँदा यो पुस्तक नपत्याउँदो गरी बजारमा आइपुगेको छ । यो सर्वउपयोगी छ । यसले कसैको अहित चिताएको देखिँदैन । सबैको हितमा अर्थात् देश, जनता र संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा खुला रूपमा आएको छ यो पुस्तक । त्यसैले यो छेपारोले चाटेको ढुंगोजस्तो चम्किलो, पारदर्शी र फटिक देखिन्छ ।

घर कि थर !

कविता



अनिशा रम्तेल

धन्न रूप थियो र तिमीले बिस्तरासम्म लग्यौ
नत्र कोठा नदिने तिम्रो घरमा
कुलसम्म जाने मेरो हैसियत नै कहाँ थियो र .....!?

योनीमा जात थिएन र मात्र !
नत्र त तिमीले पनि बिस्तराबाटै फर्काइदिने थियौ
संभोगले झन्डै तिम्रो धर्म मासिने थियो .....!
तिमीले छोड्यौ भनेर पनि के गुनासो गर्नु
राख्न सक्ने ठाउँसम्म राखेकै हौ
दिन सक्ने हक दिएकै हौ ।
नत्र, नामको पछि
थर राख्न त कहाँ मेरो थरले दिन्थ्यो र ...?

तिम्री आमा नारी भएर पनि
"प्रेमिकालाई राजीखुसी चलाउनु
तर, घरमा नल्याउनु" भनेकी हुन् तिमीलाई
चल्नेसम्म चलायौ अनि धन्न बेलैमा सम्झियौ
यहाँभन्दा माथि चलाउन त मेरो जातै कहाँ हो र ...?

नाथे गोठमासम्म बस्न नदिने मलाई
तिमीले आफ्नो रात अनि साथ दियौ
फेरि, तिम्रो शरणामा पर्नुबाहेक
अरू विकल्प नै के थियो र ...?
भन्थ्यौ,
"हाम्रो प्रेम– अन्तर्जातीय प्रेमको उदाहरण हुनेछ"
तिम्रो उदाहरण पनि
खै त्यही बिस्तरासम्म लगेर निभायौ त ...!

तिम्रोअघि हल्काफुल्का नाइटी लाएर आउने म
तिम्रो खानदानी साडी बोक्न औकातले कहाँ भ्याउँथ्यो र ...?

तिम्रो प्रेममा कुनै खोट छैन,
गर्न सक्नेसम्म गरेका हौ
नत्र यत्तिकै त म पनि
किन पछिपछि आएथेँ होला र ...?

होटेलको बिस्तरामा निदाएर
म तिम्रो घरको बिस्तरामा
तिमीसँगको भविष्यको सपना देखिरहेथेँ
धन्न सपनाबाट तिमीले झस्कायौ र यथार्थलाई स्विकारेँ
नत्र मैले
यथार्थमा सम्भव हुने सपना कहाँ देखेको थिएँ र ...?

– खोटाङ

कांग्रेसको महासमिति प्रतिनिधि छनोटमा ढिलाइ

नयाँ पत्रिका

कांग्रेसको नीति अधिवेशन गर्ने गरी हुन लागेको महसमिति बैठकका प्रतिनिधि छनोटमा ढिलाइ भएको छ। पटक-पटक मिति सारेर बैठक पछाडि धकेलिए पनि प्रतिनिधि छनोट अझै सम्पन्न हुन सकेको छैन।

काग्रेस केन्द्रीय निर्वाचन समितिका अनुसार अझै ३५ स्थानबाट प्रतिनिधि छनोट हुन बाँकी छन्। निर्वाचन समितिका अनुसार भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुंगा, दोलखा, रामेछाप, सिन्धुली, ललितपुर,



पर्वत र अर्घाखाँचीबाट महासमिति सदस्यको विवरण आउन बाँकी छ।

समयमा प्रतिनिधि छनोट हुन नसकेपछि २० माघसम्मलाई म्याद थप गरिएको छ। समिति सदस्य जगन्नाथ श्रेष्ठका अनुसार दार्चुलालगायत केही स्थानमा भएको निर्वाचनमा विवाद देखिएको छ। 'महासमिति बैठक पटक-पटक सर्दा पनि प्रतिनिधि छनोटमा ढिलाइ भएको छ। ३५ स्थानको निर्वाचन भएको जानकारी निर्वाचन समितिलाई आएको छैन। केही स्थानमा भएका निर्वाचनको विषयमा उजुरी परेका छन्,' श्रेष्ठले नयाँ पत्रिकासँग भने।

कांग्रेस महासमिति बैठकको मिति तीनपटक सरिसकेको छ। पछिल्लोपटक राष्ट्रिय सभा निर्वाचनलाई कारण देखाएर ७ देखि १० फागुनसम्म पुऱ्याएको छ। कांग्रेसले सुरुमा १३ देखि १५ मंसिरका लागि महासमिति बैठक तय गरेको थियो। त्यसपछि २९ मंसिरदेखि २ पुस, १६ देखि १९ पुस गर्दै ७ देखि १० फागुन पुऱ्याइसकेको छ।

नेताहरूका अनुसार महासमिति बैठकमा गठबन्धनबारे प्रश्न तथा आन्तरिक मतभेदका विषय उठ्ने र त्यसले राष्ट्रिय सभा निर्वाचनमा असर पर्न सक्ने आकलनसहित पछिल्लोपटक बैठक सारिएको हो। त्यसअघि रुकुम पश्चिम र जाजरकोटमा गएको भूकम्पलाई देखाएर सारिएको थियो।

राउटे बालिकाको मृत्यु

दैलेख/ दैलेखको भैरवी गाउँपालिका- ४ को गडजिउलामा बस्दै आएको राउटे समुदायकी एक बालिकाको उपचार अभावमा ज्यान गएको छ। हरिबहादुर शाहीकी १२ वर्षीया छोरी दुर्गाको बिहीबार राति मृत्यु भएको हो।

बालिका एक महिनादेखि बिरामी थिइन्। राउटे समुदायसँग निकट भएर काम गरिरहेका अभियन्ता लालबहादुर खत्रीले प्रभावकारी उपचार अभावमा ज्यान गएको बताए। दुर्गा हरिबहादुरकी एक मात्र छोरी थिइन्। उनक दुई छोरा छन्। गडजिउलामा बस्दै आएका राउटे समुदाय शुक्रबार नै चामुन्डाबिन्द्रासैनी नगरपालिका- ४ सुइयातडामा बसाइँ सरेका छन्।

पछिल्ला वर्ष राउटे समुदायको जनसंख्या घट्दै आएको छ। अहिले राउटेको संख्या एक सय ३७ छ। यसमध्ये बालबालिकाको संख्या ६५ छ। फिरन्ते जीवन बिताउने राउटेमा पछिल्लो समय विभिन्न स्वास्थ्य समस्या देखिन थालेको छ। 'चिसो बढेसँगै राउटे समुदायमा समस्या बढ्दै गएको छ। चिसो भुइँमा रात कटाउनुपर्ने अवस्थाका कारण स्वास्थ्य समस्या बढेको छ। बालबालिका झन् बढी समस्यामा छन्,' खत्रीले भने।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

Head Office
Baluwatar, Kathmandu, Ph: 01- 4421861, 4421862
Email : info@shangrilabank.com, Website : www.shangrilabank.com

Unaudited Financial Results (Quarterly)
As on Second Quarter (29/09/2080) for the Fiscal Year 2080/081

Statement of Financial Position
As on 29 Poush 2080 (14 January 2024)

Amount in NPR

Particulars	This Quarter Ending	Immediate Previous Year Ending (Audited)
Assets		
Cash and cash equivalent	1,809,793,005.14	4,200,418,657.77
Due from Nepal Rastra Bank	2,002,749,400.02	2,034,451,834.21
Placement with Bank and Financial Institutions	-	-
Derivative financial instruments.	-	-
Other trading assets	-	-
Loan and advances to B/FIs	3,325,601,512.33	2,225,366,025.31
Loans and advances to customers	41,634,436,636.94	39,861,312,180.28
Investment securities	9,240,319,008.41	9,020,303,210.58
Current tax assets	62,493,130.69	64,484,139.78
Investment in subsidiaries	-	-
Investment in associates	-	-
Investment property	293,161,841.60	124,315,928.20
Property and equipment	702,012,959.18	704,286,434.13
Goodwill and Intangible assets	9,602,921.16	10,336,994.97
Deferred tax assets	60,543,328.51	46,418,693.77
Other assets	246,778,960.07	358,267,345.08
Total Assets	**59,387,492,704.05**	**58,649,961,444.08**
Liabilities		
Due to bank and financial institutions	1,400,669,590.56	1,941,704,603.25
Due to Nepal Rastra Bank	-	-
Derivative financial instruments	-	-
Deposits from customers	51,857,535,588.14	50,567,721,865.54
Borrowing	-	-
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred tax liabilities	-	-
Other liabilities	840,601,971.22	910,110,246.63
Debt securities issued	746,509,681.37	746,567,409.80
Subordinated Liabilities	-	-
Total liabilities	**54,845,316,831.29**	**54,166,104,125.23**
Equity		
Share capital	3,430,971,302.00	3,267,591,716.72
Share premium		
Retained earnings	(213,657,154.68)	202,296,590.48
Reserves	1,324,861,725.44	1,013,969,011.65
Total equity attributable to equity holders	**4,542,175,872.75**	**4,483,857,318.85**
Non-controlling interest	-	-
Total equity	**4,542,175,872.75**	**4,483,857,318.85**
Total liabilities and equity	**59,387,492,704.05**	**58,649,961,444.08**

Statement of Profit or Loss
For the year ended 29 Poush 2080 (14 January 2024)

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest income	1,673,938,473.63	3,347,933,142.92	1,786,314,620.39	3,573,522,591.25
Interest expense	1,155,635,364.62	2,401,564,974.20	1,341,463,942.34	2,659,943,384.55
Net interest income	**518,303,109.01**	**946,368,168.72**	**444,850,678.05**	**913,579,206.70**
Fee and commission income	50,118,133.27	113,844,760.53	32,920,791.39	82,084,408.25
Fee and commission expense	3,978,529.42	8,732,697.95	4,598,597.66	7,745,551.25
Net fee and commission income	**46,139,603.85**	**105,112,062.58**	**28,322,193.73**	**74,338,857.00**
Net interest, fee and commission income	**564,442,712.86**	**1,051,480,231.30**	**473,172,871.78**	**987,918,063.70**
Net trading income	-	-	-	-
Other operating income	1,543,091.86	5,448,522.73	275,793.89	1,427,025.24
Total operating income	**565,985,804.72**	**1,056,928,754.03**	**473,448,665.67**	**989,345,088.94**
Impairment charge/ (reversal) for loans and other losses	220,017,745.45	393,257,658.18	62,137,330.15	251,915,052.84
Net operating income	**345,968,059.27**	**663,671,095.85**	**411,311,335.52**	**737,430,036.10**
Operating expense				
Personnel expenses	145,745,574.74	292,226,719.60	150,735,855.01	296,307,120.19
Other operating expenses	106,432,809.40	184,249,751.17	77,631,940.47	154,691,346.57
Depreciation & amortization	16,985,756.67	41,935,122.60	24,029,598.24	47,491,575.74
Operating Profit	**76,803,918.46**	**145,259,502.48**	**158,913,941.80**	**238,939,993.60**
Non operating income	51,001.90	66,016.44	10,004.41	27,930.73
Non operating expense	222,646.44	2,134,423.87	42,187.18	1,020,554.34
Profit before income tax	**76,632,273.92**	**143,191,095.05**	**158,881,759.03**	**237,947,369.99**
Income tax expense	22,989,682.17	42,957,328.51	47,664,527.71	71,384,211.00
Current Tax	22,989,682.17	42,957,328.51	47,664,527.71	71,384,211.00
Deferred Tax Income / Expenses	-		-	-
Profit for the year	**53,642,591.74**	**100,233,766.53**	**111,217,231.32**	**166,563,159.01**
Condensed Statement of Other Comprehensive Income				
Profit for the period	53,642,591.74	100,233,766.53	111,217,231.32	166,563,159.00
Total Other comprehensive income	43,919,599.27	(32,957,481.07)	26,078,132.23	(3,936,022.80)
Total Comprehensive income for the period	**97,562,191.01**	**67,276,285.46**	**137,295,363.55**	**162,627,136.20**
Profit attributable to:				
Equity holders of the bank	97,562,191.01	67,276,285.46	137,295,363.55	162,627,136.20
Non-controlling interest				
Profit for the period	**97,562,191.01**	**67,276,285.46**	**137,295,363.55**	**162,627,136.20**
Earning per share				
Basic earning per share		5.84		11.06
Diluted earning per share		5.84		11.06

RATIOS AS PER NRB DIRECTIVE

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Capital Fund to RWA		11.52%		11.78%
Non Performing Loan (NPL) to Total Loan		4.89%		3.36%
Total Loan Loss Provision to total NPL		84.14%		80.53%
Cost of Funds		8.61%		10.43%
Credit to Deposit Ratio		83.41%		81.82%
Base Rate		10.81%		12.88%
Interest Spread Rate		4.58%		4.87%

Statement of Distributable Profit or Loss
As on 29 Poush 2080 (14 January 2024) (As per NRB Regulation)

Amount in NPR

Particulars	Current Year	Previous Year
Net profit or (loss) as per statement of profit or loss	**100,233,766.53**	**166,563,159.01**
Appropriations:		
a. General reserve	(20,046,753.31)	(33,312,631.80)
b. Foreign exchange fluctuation fund	(57,926.98)	(137,490.44)
c. Capital redemption reserve	(53,571,428.57)	-
d. Corporate social responsibility fund	(1,002,337.67)	(1,665,631.59)
e. Employees' training fund	-	-
f. Fair Value Reserve	-	-
g. Investment Adjustment Reserve	-	-
h. Others	-	
Profit or (loss) before regulatory adjustment	**25,555,320.01**	**131,447,405.18**
Regulatory adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	(137,334,354.86)	(141,578,328.33)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)		-
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	(106,372,925.44)	23,237,109.00
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	(1,686,866.91)
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/reversal (+)	-	-
h. Acturial loss recognised (-)/reversal (+)	-	-
i. Other (+/-)	-	-
Unrealised Gain/(Loss) on Investment Securities	(25,823,273.04)	(3,936,022.80)
Net Profit for the year end 29 Poush 2080 (14 January 2024) for distribution	**(243,975,233.32)**	**7,483,296.14**
Opening Retained Earning as on Shrawan 1, 2080	**202,296,590.47**	**270,746,075.13**
Adjustment(+,-)	-	
Distributions:		
Bonus Shares Issued	163,379,585.83	-
Cash Dividend Paid	8,598,926.00	-
Total Distributable profit or (Loss) as on 29 Poush 2080	**(213,657,154.68)**	**278,229,371.27**
Annualised Distributable Profit/Loss per share	(12.45)	9.49

Note : All above Financial statement are prepared in accordance with Nepal Financial Reporting Standard(NFRS)
The unaudited Financial Figures are subject to change as instructed by External Auditors and Regulatory Authority.
Loan and Advances includes staff loan and accrued interest receivable on loans and are presented net of loan impairment.
Personnel expenses includes employee bonus calculated as per Bonus act 2030.
Previous year Figure has been restated wherever necessary.

Additional Disclosure as per Securities Registration and Issuance Regulation - 2073 (Sub-Rule (1) of Rule 26, Annex 14) for Second Quarter of FY 2080/81

A. Financial Statement

i) Statement of Financial Position and Statement of Profit or Loss Published along with this report.

ii) Key financial indicators and ratios

Earnings per share	Rs. 5.84	Liquidity Ratio	22.79%
Return on Equity (ROE) (Annualized)	4.41%	Total Assets per Share	Rs. 1,730.92
Price Earnings Ratio (P/E Ratio)	54.77	Capital Adequacy Ratio	11.52%
Net Worth per Share	Rs. 132.39		

B. Related Party Disclosure

Parties are considered to be related if any one party has the ability to control the other party or exercise the significant influence over the other party in making or operation decision.
The Development Bank do not have the related party, therefore there is no such transaction.

C. Management Analysis

i) The Development Bank has been focusing on cost management, diversified investments, technological up-gradation, and optimum utilization of resources and automation of work.

ii) Deposits have been increased by 1.43% and Loans and Advances has been increased by 6.83% till the Quarter end with reference to immediate Previous Year Ending.

iii) The Development Bank is improvising its IT Infrastructure as well and adopting digitization.

iv) The Development Bank aims to achieve its financial goals through sustainable profitability and measured growth in balance sheet size. Our business models remain robust and we continue to seek sound growth with a high degree of customers' satisfaction.

D. Details to Legal Action

i) Except in the normal course of business, no lawsuit of material nature has been filed by or against the bank during the review quarter period.

ii) No legal suit related to criminal activity has been filed by or against the directors and promoters of the Development Bank during the period.

iii) No legal suit has been filed against any director of the organization for any kind actions related to financial crime.

E. Analysis of share transaction and progress of the bank

i) Management view on share transaction of the bank at securities market- since price and transaction of the bank's shares are being determined at Nepal Stock Exchange through open share market operation, management view on this is neutral.

ii) Maximum, Minimum and last share price of the Development Bank including total number of shares traded and days of transaction during the quarter.

Maximum Value	Minimum Value	Last Price	Transaction volume (No. of shares)	Days of Transaction
335.00	266.00	320.00	273,627,163.30	49 Days

F. Problem and Challenges

Internal
- Increased cost of operation
- Challenges in increasing non-Interest revenue
- Timely recovery of Loans
- Recruitment and retention of quality human resources.

External
- Adverse impact of global pandemic COVID-19 on various sectors of economy resulting into problem in recovery. Due to this the default in credit portfolio may increase.
- Changing regulatory framework and its timely adaptation.
- Political instability and current national economic status have resulted distress in the business environment.
- Global economy, inflation and war has an adverse effect on national economy resulting price hikes.

G. Strategy
- Better management of assets and liabilities.
- Focus on investment diversification
- Closely monitoring internal and external environment changes and adopting proactive approaches.
- Different strategies around marketing, innovation and digital banking.
- Developing human resources through online trainings and motivating them for growth.
- Focus on business continuity planning as the COVID-19 may have a far reaching and deep impact on overall economy.

H. Corporate Governance

i) **Board of Directors**
Committees like Risk Management Committee, Human Resource Committee, Audit Committee, AML/CFT Committee have been constituted to carry out banking operations and these committees have been involved in major policy/plans related decisions.

ii) **Internal control System**
In order to strengthen the internal control mechanism of the Bank, a separate independent internal audit department has been established. The internal audit department carries out audit of various auditable areas on a continuous manner and makes necessary recommendations to Audit Committee. Accordingly, Audit Committee holds regular meetings to analyze the recommendation and bring about necessary changes.

iii) **Internal policies, regulations and Directives**
In order to carry out various functionalities smoothly and to mitigate risks emanating from business functions, the bank has installed a sound operations system. All activities of the bank are guided by strong internal policies, manuals and guidelines which are reviewed on a periodic basis to address new developments and requirements. The bank has a system to monitor compliance with all regulatory and statutory requirements.

I. Declaration by the Chief Executive Officer on the truthfulness and accuracy of information.

I hereby declare that all the information provided in this document is true, complete and factual and that I take personal responsibility to any deviations thereof. I also declare that the Development Bank's information or data that assists investors make their investment decisions have not been concealed in any way.

‘८१ किमि लामो बिरेठाँटी-मुक्तिनाथ केबलकार’को डिपिआर लगानी बोर्डमा

५५.१८ अर्ब लगानी, जिडिपीमा वार्षिक ७० अर्ब योगदान गर्ने दाबी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

८१ किलोमिटर लामो मुक्तिनाथ केबलकार आयोजनाको १६ र १७ वैशाखमा हुन लागेको लगानी सम्मेलनमा सेयर तथा ऋण लगानी सम्झौता गर्ने तयारी गरिएको छ। वैशाख दोस्रो साताभित्र सरकारले इआइए स्वीकृत र लगानी बोर्डले परियोजना लगानी सम्झौता (पिआइए) गरेमा लगानी सम्मेलनमा सेयर तथा ऋण लगानी सम्झौता गर्ने योजना मुक्तिनाथ दर्शन प्रालिको छ। कम्पनीले गत साता आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन (इआइए) र अद्यावधिक विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) लगानी बोर्डमा पेस गरेको छ। ‘परियोजना बनाउन कम्पनी तयार भइसकेको छ। अब सरकारले कानुनी प्रक्रिया पूरा गरिदिनुपर्छ,’ कम्पनी सचिव सुमित्रा पाण्डेले भनिन्, ‘सरकारले कानुनी प्रक्रिया पूरा गरिदिएमा लगानी सम्मेलनमा सेयर तथा ऋण लगानी सम्झौता हुन्छ।’

परियोजनाको लागत अनुमान ५५ अर्ब १८ करोड रुपैयाँ रहेको छ। त्यसको ८० प्रतिशत अर्थात् ४४ अर्ब १४ करोड रुपैयाँ लगानी ऋणमार्फत जुटाइँदै छ। भारतको के एन्ड आर इन्जिनियरिङ कम्पनीले इन्जिनियरिङ प्रक्युमेन्ट कन्ट्र्याक्ट र लगानी (इपिसिएफ) मोडेलमा यस आयोजनामा ऋण लगानी गर्ने समझदारी भइसकेको छ। यसैगरी, २० प्रतिशत अर्थात् ११ अर्ब चार करोड भने कम्पनीले सेयर (स्वपुँजी)का रूपमा लगानी गर्नेछ। त्यसमध्ये आयोजना प्रभावित बासिन्दालाई १० प्रतिशत र सर्वसाधारणलाई ३५ प्रतिशत अनुपातमा आइपिओ निष्कासन गरिनेछ। बाँकी ५५ प्रतिशत सेयर भने संस्थागत हुनेछ, त्यसमा २७.५ प्रतिशत सिंगापुरको कम्पनीले लिँदै छ। २७.५ प्रतिशत संस्थापक सेयर मुक्तिनाथ दर्शन प्रालिको हुनेछ। के एन्ड आर कम्पनीले ६ प्रतिशत ब्याजमा ऋण उपलब्ध गराउने समझदारी छ। आगामी लगानी सम्मेलनमा विदेशी पार्टनरको नाम खुलाउने तयारी छ।



जिडिपीमा वार्षिक ७० अर्ब योगदान, दुई हजार रोजगारी

परियोजना बनेपछि नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा ७० अर्बको योगदान पुग्ने कम्पनीको दाबी छ। चालू मूल्यका आधारमा सोबराबरको योगदान जिडिपीमा हुने प्रक्षेपण डिपिआरमा गरिएको छ।

परियोजनाका कारण सिर्जना हुने आर्थिक अवसर (होटेल, रोजगारी, स्थानीय उत्पादन र बजारलगायत)का आधारमा यस्तो प्रक्षेपण गरिएको कम्पनीको भनाइ छ। आयोजना पूर्ण क्षमतामा सञ्चालनमा भएमा सरकारलाई भ्याट मात्रै वार्षिक आठ अर्ब रुपैयाँसम्म प्राप्त हुनेछ। पर्यटक न्यूनतम दुई दिन बस्ने, न्यूनतम १५ सयबराबरको रुम लिने, न्यूनतम पाँच सयको खाना खाने, त्यसका आधारमा स्थानीय उत्पादन तथा सेवाको खपत बढ्नेलगायतका आधारमा यस्तो विश्लेषण गरिएको हो।

परियोजनाको निर्माण अवधि (चार वर्ष)मा दुई हजार रोजगारी सिर्जना हुनेछ। सञ्चालन अवधिमा भने न्यूनतम ६ सय हाराहारीमा रोजगारी सिर्जना हुने कम्पनीको भनाइ छ। परियोजनाको ‘पे ब्याक पिरियड’ सात वर्ष रहेको छ। यद्यपि, १० वर्षमा ऋण चुक्ता गर्ने योजना कम्पनीले बनाएको छ। आयोजनाको इन्टरनल रेट अफ रिटर्न १५ प्रतिशत र लगानी प्रतिफल २० प्रतिशत हाराहारी हुने सूचकले परियोजना आर्थिक रूपमा सम्भाव्य देखाएको कम्पनी सचिव पाण्डेले बताइन्। आधा क्षमतामा सञ्चालन हुँदा पनि परियोजनाले वार्षिक १७ अर्ब रुपैयाँबराबरको कारोबार गर्ने उनको भनाइ छ।

मुस्ताङको मुक्तिनाथ मन्दिर दर्शन गर्न ठूलो संख्यामा नेपाल र भारतलगायतका हिन्दू धर्मावलम्बी जाने गर्छन्। यसैगरी त्यहाँका हिमालयन दृश्यलगायतको अवलोकन गर्न ठूलो संख्यामा पर्यटक जाने गर्छन्। तर, त्यहाँ पुग्न सुविधाजनक सडक छैन। यस्तो अवस्थामा केबलकार व्यावसायिक रूपमा सञ्चालन गर्न सकिने कम्पनीको भनाइ छ।

यस्तो हुनेछ आयोजना

नेपालमा निजी क्षेत्रबाट बन्न लागेको यो सबैभन्दा ठूलो एकल पूर्वाधार (दूरसञ्चारबाहेक) पनि हो। दूरसञ्चारमा पनि यतिको लगानीमा सिंगल पूर्वाधार बनेको छैन। यो विश्वकै सबैभन्दा लामो केबलकार परियोजनासमेत हो। यसको लम्बाइ ८१.०१४ किलोमिटर लामो हुनेछ। यसको सुरुवाती (बेस) स्टेसन पर्वतको बिरेठाँटीमा हुनेछ। अन्तिम स्टेसन भने मुस्ताङको मुक्तिनाथ मन्दिर क्षेत्रमा हुनेछ। केबलकारमार्फत बिरेठाँटीबाट तीन घण्टा ३६ मिनेट (ट्रान्जिट सयमबाहेक)मा मुक्तिनाथ पुग्न सकिनेछ। केबलकारको गति प्रतिसेकेन्ड सात मिटर हुनेछ।

परियोजनामा चार सय १६ वटा टावर र सात सय ७६ बन्डुला (मान्छे बस्ने बक्स) हुनेछ। परियोजनामा ७६ मिटर अग्लोसम्मको टावर हुनेछ। एक बन्डुलामा १० जना यात्रु



बस्न सक्नेछन्। केबलकार परियोजनाले एक घण्टामा एक हजार यात्रुलाई बोर्डिङ गराउन सक्नेछ। वर्षमा ३६ लाख यात्रु आवतजावत गर्न सक्नेछन्। परियोजना हिउँदमा नौ र बर्खामा १४ घण्टासम्म सञ्चालन गर्न सकिनेछ।

मास ट्रान्जिट प्रणालीमा यो परियोजना बनाइनेछ। परियोजनामा ६ वटा ट्रान्जिट र नौवटा स्वैच्छिक स्टेसन हुनेछन्। घोडेपानी, नार्चाङ, लेते, कोबाङ, जोमसोम र कागबेनीमा ट्रान्जिट स्टेसन हुनेछन्, त्यहाँ यात्रुले अनिवार्य रूपमा बन्डुलामा परिवर्तन गर्नुपर्नेछ। यसैगरी भुक, उल्लेरी, शिख, घारा, रुप्से, घासा, टुकुचे, मार्फा र खिगामा स्वैच्छिक स्टेसन हुनेछ, जहाँ यात्रुले आफ्नो इच्छाअनुसार बन्डुला परिवर्तन गर्न सक्नेछन्।

सुरुवाती विन्दु बिरेठाँटीको एक हजार मिटर र अन्तिम विन्दु मुक्तिनाथको ३७ सय मिटर अल्टिच्युट रहेको छ। अल्टिच्युट परिवर्तन हुँदा यात्रुमा पर्न सक्ने स्वास्थ्य जोखिम (लेक लाग्ने)लाई दृष्टिगत गर्दै स्टेसनहरूमा स्वास्थ्य चेकजाँचको सुविधासमेत हुनेछ। यात्रुहरूले विभिन्न स्टेसनमा झरेर घुमफिर गरी पुनः केबलकारमा सवार गर्न सक्नेछन्। यसले गर्दा पनि लेक लाग्ने जोखिम कम हुने अनुमान छ। कागबेनी पुगेपछि यात्रुलाई निःशुल्क अक्सिजन सिलिन्डरसमेत उपलब्ध गराइनेछ। कागबेनीमा विशेष रूपमै यात्रुको स्वास्थ्य चेकजाँच गरिनेछ। प्रत्येक स्टेसनमा रेस्टुरेन्ट, कफी सप, होटेल तथा लजको सुविधा हुनेछ।

सुरु भएको चार वर्षमा निर्माण सम्पन्न गरिने

कम्पनीले काम सुरु गरेको चार वर्षमा परियोजना सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ। परियोजनालाई चाहिनेमध्ये निजी जग्गा प्राप्ति भइसकेको छ। अब सामुदायिक तथा सरकारी जग्गाहरू प्राप्त गर्न बाँकी छ। यसैगरी, रूख कटानीको स्वीकृत लिन पनि बाँकी छ। अब राइट अफ वे जग्गाको क्षतिपूर्ति निर्धारण, सरकारी जग्गा प्राप्ति र रूख कटानीको स्वीकृतमा केन्द्र, प्रदेश र स्थानीय सरकार तथा राजनीतक दलहरूको सहयोग आवश्यक रहेको कम्पनीले बताएको छ।

‘हाम्रो तर्फदेखि हुने पूर्वतयारीको काम करिब सकिएको छ। अब सरकार तथा राजनीतिक दलहरूले आवश्यक सहजीकरण तथा सहयोग गर्न आवश्यक छ,’ कम्पनी सचिव पाण्डेले भनिन्, ‘लगानी सुनिश्चितसमेत भइसकेको छ। समग्रमा कम्पनी परियोजना बनाउन तयार छ। अब सरकारले आफ्नो तर्फदेखि गर्नुपर्ने काम गर्नुपर्छ। त्यसपछि हामी निर्माण सुरु गर्छौं। निर्माण सुरु गरेको चार वर्षमा परियोजना तयार हुनेछ।’

कम्पनीले जेठ ०७६ मा लगानी बोर्डबाट आयोजना अध्ययनको अनुमति पाएको थियो। त्यसपछि कम्पनीले अस्ट्रेलियाको एएमएम कम्पनीले जहाज ल्याएरसमेत परियोजनाको अध्ययन गरेको थियो। कम्पनीले यसअघि मंसिर ०७७ मा आयोजनाको डिपिआर बोर्डमा बुझाएको थियो। अहिले भने संशोधित डिपिआर र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन बोर्डमा पेस गरिएको हो। अब बोर्डले इआइए वन मन्त्रालयमा पठाउनेछ। डिपिआर भने आफैं अध्ययन गरेर स्वीकृत गर्नेछ। इआइए र डिपिआर स्वीकृत भएपछि बोर्डले कम्पनीसँग परियोजना विकास सम्बन्धमा थप सम्झौता गर्नेछ। त्यसपछि परियोजना निर्माणको काम अघि बढ्नेछ।

कति लाग्छ शुल्क ?

केबलकारमा नेपाली, सार्क राष्ट्र र विदेशी नागरिकलाई फरक-फरक भाडादर तोकिएको छ। नेपालीलाई ६ हजार, सार्क राष्ट्रका नागरिकलाई ६ हजार भारु र अन्य देशका नागरिकलाई दुई सय डलर दोहोरो भाडा तोकिएको छ। टिकटको अवधि एक हप्ताको हुनेछ। यात्रुहरू बीच-बीचमा बसोवास (स्टे) गरेरसमेत यो सुविधा प्रयोग गर्न सक्नेछन्। साथै, आवश्यकताअनुसार ‘वान वे’ र एक स्टेसनदेखि अर्को स्टेसनसम्मको छुट्टाछुट्टै टिकट लिएर पनि यात्रा गर्न सकिनेछ।

निजी क्षेत्रको लगानीमा देशभर ६ केबलकार सञ्चालन

हाल नेपालमा निजी क्षेत्रबाट मात्रै केबलकार सेवा सञ्चालनमा छ। निजी क्षेत्रकै लगानीमा देशभर ६ केबलकार सेवा सञ्चालनमा छन्। त्यसमा पहिलो केबलकार आयोजना मनकामना हो। मनकामना दर्शन प्रालिले ०५५ मंसिरदेखि चितवनको कुरिनटारदेखि गोरखाको मनकामना मन्दिरपरिसरसम्म केबलकार सेवा सञ्चालनमा ल्याएको थियो। दोस्रो भने काठमाडौंको चन्द्रागिरि केबलकार हो। चन्द्रागिरि हिल्स लिमिटेडले ०७३ मंसिरदेखि चन्द्रागिरिमा यो सेवा सञ्चालन गरिरहेको छ। तेस्रो केबलकार सेवा भने दोलखाको कालिञ्चोकमा छ। कालिञ्चोक दर्शन प्रालिले ०७५ कात्तिकबाट त्यहाँ केबलकार सेवा सञ्चालनमा ल्याएको छ।

यसैगरी, अन्नपूर्ण केबलकार प्रालिले ०७८ फागुनबाट पोखराको सराङकोटमा केबलकार सेवा सञ्चालनमा ल्याएको छ। यसैगरी, नवलपुरको मौलाकालिका मन्दिरमा मौलाकालिका केबलकार प्रालिले यस्तो सेवा सञ्चालनमा ल्याएको छ। यसैगरी, लुम्बिनी केबलकार प्रालिले रुपन्देही र पाल्पा जिल्ला जोड्ने गरी केबलकार सेवा सञ्चालनमा ल्याएको छ। चन्द्रागिरि, मौलाकालिका र लुम्बिनी केबलकार व्यावसायिक घराना आइएमई समूहले बनाएको हो।

यसका अलावा निजी क्षेत्रकै लगानीमा तनहुँको बन्दीपुरमा केबलकार परियोजना तयार गरिएको छ, बन्दीपुर केबलकार प्रालिले तयार गरेको उक्त परियोजना वैशाखभित्र सञ्चालन गर्ने तयारी छ। यसका अलावा निजी क्षेत्रकै लगानीमा कैलाली र ताप्लेजुङ (पाथीभरा)मा केबलकार परियोजना निर्माण अघि बढेको छ। यसैगरी, विभिन्न ठाउँमा केबलकार परियोजना बनाउने गरी पर्यटन बोर्डमा निजी क्षेत्रबाट दुई दर्जनभन्दा बढी आवेदन परेका छन्।

लगानी सम्मेलनको तयारीलाई तीव्रता दिन अर्थमन्त्रीको निर्देशन



काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले लगानी सम्मेलनका लागि नीतिगत, कानुनी र प्रक्रियागत सुधार तथा परियोजना छनोट तयारीलाई तीव्रता दिन निर्देशन दिएका छन्। शुक्रबार लगानी सम्मेलन निर्देशक समितिको दोस्रो बैठकमा उनले यस्तो निर्देशन दिएका हुन्।

सरकारले आगामी वैशाख १६ र १७ मा तेस्रो लगानी सम्मेलन गर्दै छ। अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, लगानी बोर्डलगायतका सरकारी निकाय अहिले लगानी सम्मेलनको तयारीमा जुटेका छन्। सोही सन्दर्भमा निर्देशक समितिका संयोजकसमेत रहेका मन्त्री डा. महतले यस्तो निर्देशन दिएका हुन्।

उनले लगानी सम्मेलनमा विदेशी लगानीकर्ता, गैरआवासीय नेपाली र स्वदेशी निजी क्षेत्रको लगानी आकर्षणलाई प्राथमिकतामा राखेको बताएका छन्। सम्भाव्य विदेशी लगानीकर्ता तथा परियोजना पहिचान गरी ठोस सुझाव प्रस्तुत गर्न पनि निजी क्षेत्रलाई आह्वान गरेका छन्। सम्मेलनमा निजी क्षेत्रले आयोजकसरह नै भूमिका पनि निर्वाह गर्नुपर्ने उनले बताए। आगामी लगानी सम्मेलन सरकारले निजी क्षेत्र तथा विकास साझेदारसँगको सहकार्यमा गर्न लागेको हो।

बैठकमा लगानी सम्मेलन सचिवालयका संयोजक एवं लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले हालसम्म भएका तयारीबारे संक्षिप्त प्रस्तुतीकरण गरेका थिए। लगानी सम्मेलन आयोजना गर्नका लागि सरकारले अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, मुख्य सचिवको नेतृत्वमा कार्यान्वयन समिति, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा प्राविधिक समिति र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा सचिवालय गठन गरी काम अगाडि बढाएको छ।

साथै नीतिगत, प्रक्रियागत र कानुनी सुधारका लागि प्रधानमन्त्री कार्यालयको आर्थिक पूर्वाधार महाशाखाको सचिवको संयोजकत्वमा कार्यदल गठन भएको छ। यी सबै समिति र कार्यदलहरूले आ-आफ्नो क्षेत्रमा सक्रियतापूर्वक कार्य गरिरहेका छन्। शुक्रबार सम्पन्न निर्देशक समितिको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति, ऊर्जा, जलस्रोत तथा सिँचाइ, वन तथा वातावरण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र सहरी विकास मन्त्रालयका मन्त्रीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, मुख्य सचिव तथा विभिन्न मन्त्रालयका सचिवहरू, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर तथा निजी क्षेत्रका छाता संगठनका अध्यक्षहरूको सहभागिता थियो।

भावपूर्ण श्रद्धाञ्जली



स्व. भवानी दत्त भट्ट

हाम्रा सहकर्मी श्री गिरिश भट्टका पुजनीय पिता श्री भवानी दत्त भट्टको गत २४ पुष, २०८० मंगलबारका दिन असामयिक निधनबाट हामी अत्यन्तै मर्माहित एवम् स्तब्ध भएका छौं। दुखद् निधन भएको १२ औं दिनको पुण्य तिथिमा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं र शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड
परिवार

हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी लिमिटेड

नयाँ बानेश्वर, काठमाण्डौ, नेपाल, फोन नं. ४५९५०१६/१७/१८
ईमेल: info@hidcl.org.np वेबसाईट: www.hidcl.org.np

बाह्रौं वार्षिक साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट)

(कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम प्रकाशित गरिएको)

१. **पृष्ठभूमि:**

यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा मिति २०८० साल पौष २९ गते आइतबार बिहान १०:०० बजेदेखि बानेश्वर ब्याङ्केट, नयाँ बानेश्वर, काठमाण्डौमा बस्यो। साधारण सभाको उपस्थिति, प्रस्तावहरु, छलफल, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको वैधानिकता, अध्यक्षता, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति, निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समस्त शेयरधनी महानुभावहरुको जानकारीको लागि यहाँ पेश गरिएको छ। यस बाह्रौं वार्षिक साधारण सभामा भएको काम कारबाही सम्बन्धी पूर्ण विवरण (Minutes) कम्पनीको वेबसाइट www.hidcl.org.np मा राखिएको छ।

२. **सूचना प्रकाशन:**

मिति २०८०/०९/०४ गते बसेको सञ्चालक समितिको २८७औं निर्णयानुसार कम्पनीको बाह्रौं वार्षिक साधारण सभा सम्बन्धमा कम्पनी ऐन को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८ अनुसार मिति २०८०/०९/०६ गते प्रथम पटकको सूचना नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण सहित मिति २०८०/०९/०८ गते दोश्रो पटकको गरी दुई पटक सूचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई बाह्रौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरु तथा कम्पनीको संक्षिप्त आर्थिक विवरणका बारेमा जानकारी गराइएको थियो।

यसका अतिरिक्त बाह्रौं वार्षिक साधारण सभाका बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन वार्षिक प्रतिवेदन, वित्तीय विवरण, नियमावलीको प्रस्तावित संशोधनको तीन महले विवरण लगायतका सूचना तथा जानकारीहरु कम्पनीको सूचना पाटी र कम्पनीको वेबसाइट www.hidcl.org.np मा समेत नियमित रुपले राखिएको थियो। साथै, आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गरिएको आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो।

यस बाह्रौं वार्षिक साधारण सभाको बारेमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, महालेखापरीक्षकको कार्यालय र नेपाल राष्ट्र बैंकमा सेमत जानकारी गराइएको थियो।

३. **साधारण सभामा उपस्थिति:**

क) **सञ्चालक समिति:**

१. **श्री गोपाल प्रसाद सिग्देल,** सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय	-अध्यक्ष
२. **श्री राम प्रसाद आचार्य,** सहसचिव, अर्थ मन्त्रालय	-सञ्चालक
३. **श्री राजेश्वर ज्ञवाली,** सहमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय	-सञ्चालक
४. **श्री जितेन्द्र धिताल,** प्रशासक, कर्मचारी सञ्चय कोष	-सञ्चालक
५. **श्री सुधीर ज्ञवाली,** सर्वसाधारण शेयरधनीहरुको तर्फबाट	-सञ्चालक
६. **श्री माधव प्रसाद कोइराला,** स्वतन्त्र सञ्चालक	-सञ्चालक
७. **श्री जिवन कुमार बस्नेत,** नायब प्रमुख कार्यकारी अधिकृत, HIDCL	-कम्पनी सचिव

ख) **शेयरधनीहरु:**

- संस्थापक शेयरधनीहरु (अन्य संस्थापक समूह बाहेक) का प्रतिनिधिबाट उपस्थिति - जम्मा ७ जना (७१.२% शेयरकोप्रतिनिधित्व)

१. नेपाल सरकार, अर्थ मन्त्रालय
२. नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय
३. नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
४. नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय
५. कर्मचारी सञ्चय कोष
६. राष्ट्रिय बीमा संस्थान
७. नागरिक लगानी कोष

- अन्य संस्थापक समूहका शेयरधनीहरुको उपस्थिति: १८ जना (०.३४% शेयरको प्रतिनिधित्व)
- सर्वसाधारण शेयरधनीहरु (समूह “ख”) को उपस्थिति: ३०२ जना (०.२६% शेयरको प्रतिनिधित्व)

ग) **कम्पनी व्यवस्थापन:**

१. श्री अर्जुन कुमार गौतम, प्रमुख कार्यकारी अधिकृत
२. श्री अरुण रजौरिया, नायब प्रमुख कार्यकारी अधिकृत

४. **सभा सञ्चालनको लागि वैधानिकताको यकिन:**

बाह्रौं वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिमको गणपूरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकाबाट देखिएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशित गरी जानकारी गराइएको देखिएको हुँदा यस बाह्रौं वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाईएको भनी उपस्थित शेयरधनीहरुबाट सभाको काम कारवाही गर्न स्वीकृति प्राप्त भए बमोजिम कम्पनी सचिवबाट सभामा छलफल हुने विषयहरु पेश हुँदा सभाबाट सो विषयहरुमा सभामा छलफल तथा निर्णयका लागि पेश गर्न स्वीकृत गरियो।

५. **सभाको सञ्चालन:**

कम्पनी ऐन, २०६३ को दफा ७४ तथा कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री गोपाल प्रसाद सिग्देलको अध्यक्षतामा यस बाह्रौं वार्षिक साधारण सभाको काम कारवाही शुरु गरियो।

६. **सञ्चालक समितिको प्रतिवेदनको प्रस्तुति:**

सभाका अध्यक्ष श्री गोपाल प्रसाद सिग्देलले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो। सञ्चालक समितिको उक्त प्रतिवेदन सहितको कम्पनीको आर्थिक वर्ष २०७९/८० का वित्तीय विवरणहरु, लेखापरीक्षकको प्रतिवेदन र कम्पनीको सञ्चालक समितिबाट पेश गरिएका प्रस्तावहरु उपर छलफल गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा, सुझाव आदि भए सभामा व्यक्त गर्न अध्यक्षले शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो।

शेयरधनीहरु श्री रामचन्द्र पोखरेल, श्री दिवाकर धिताल र श्री नीरुपमा गुप्ताले कम्पनीबाट भएका लगानी, लगानी भएका आयोजनाहरुको अवस्था, कम्पनीको वित्तीय स्थिति, कम्पनीको वर्तमान अवस्था तथा भावी कार्ययोजना आदि बारेमा आफ्नो राय, जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो। सभामा विभिन्न शेयरधनीहरुबाट व्यक्त गरिएका राय एवं सुझावहरुका लागि धन्यवाद दिँदै अध्यक्षको अनुमति लिई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री अर्जुन कुमार गौतमले शेयरधनीहरुबाट उठेका जिज्ञासाहरुको विषयमा सभामा जवाफ दिनुभयो र शेयरधनीहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरुको कार्यान्वयन गर्न कम्पनी सदैव प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा पनि कम्पनीले शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गर्ने विषयमा कम्पनीको ध्यान केन्द्रित रहने जानकारी गराउनुभयो।

७. **प्रस्तावहरु उपर छलफल तथा निर्णयहरु:**

(क) **सामान्य प्रस्तावहरु:**

प्रस्ताव नं. १: आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

निर्णय: सञ्चालक समितिका तर्फबाट पेश भएको कम्पनीको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी पारित गर्न अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सो प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो।

प्रस्ताव नं. २: आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।

निर्णय: आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षकको प्रतिवेदन तथा २०८० आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

प्रस्ताव नं. ३: श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

निर्णय: कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम श्री महालेखापरीक्षकको कार्यालयबाट नियुक्तिका लागि परामर्श प्रदान गरिएका चार्टर्ड एकाउन्टेन्ट श्री ठाकुर प्रसाद अधिकारीलाई चालु आर्थिक वर्ष २०८०/८१ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक रु. ३,३०,०००/- (अक्षरेपी तीन लाख तीस हजार मात्र) (मूल्य अभिवृद्धि कर बाहेक) निर्धारण गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

प्रस्ताव नं. ४: सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको चुक्ता पूँजीको ५.२६३% (पाँच दशमलव दुई छ तीन प्रतिशत) का दरले हुने रू. १,१९,८७,२६,२८३/- (अक्षरेपी एक अर्ब उन्नाइस करोड सतासी लाख छब्बीस हजार दुई सय त्रियासी मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।

निर्णय: सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५.२६३% (पाँच दशमलव दुई छ तीन प्रतिशत) का दरले हुने रू. १,१९,८७,२६,२८३/- (अक्षरेपी एक अर्ब उन्नाइस करोड सतासी लाख छब्बीस हजार दुई सय त्रियासी मात्र) नगद लाभांश (कर सहित) प्रदान गर्न स्वीकृत गर्ने र कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) को अधिनमा रही नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात सो लाभांश वितरण गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

(ख) **विशेष प्रस्तावहरु:**

प्रस्ताव नं. १: कम्पनीको नियमावलीमा संशोधन गर्ने।

निर्णय: सभाका अध्यक्षज्यूले कम्पनीको नियमावलीमा सभामा प्रस्तुत तीन महले बमोजिम संशोधन गर्न विशेष प्रस्ताव गर्नु भएको मा सभामा बृहत छलफल गर्दा कम्पनीको नियमावलीमा संशोधन गर्न सर्वसम्मतिबाट पारित गरियो।

(यस संशोधनको पूर्ण विवरण र तीन महले कम्पनीको वेबसाइटमा राखिएको माइन्यूटमा हेर्न सकिनेछ।)

प्रस्ताव नं. २: कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. ३७४,४१४/- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने।

निर्णय: कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. ३७४,४१४/-बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्न सभाका अध्यक्षज्यूले सभामा पेश गर्नु भएको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

(ग) **विविध:** यस बाह्रौं वार्षिक साधारण सभामा निर्धारित प्रस्ताव सूची अन्तर्गत विविध शीर्षक अन्तर्गत छलफलको लागि कुनै विषय नभएको व्यहोरा कम्पनी सचिवबाट सभालाई जानकारी भयो।

८. **धन्यवाद ज्ञापन:**

यस कम्पनीको बाह्रौं वार्षिक साधारण सभामा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका सञ्चालकहरु तथा विभिन्न निकायका प्रतिनिधिहरु उपस्थित भई बाह्रौं वार्षिक साधारण सभामा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षज्यूबाट यस सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी हुनुका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नुभएकोमा धन्यवाद प्रदान गर्नु भयो। साथै, यस बाह्रौं वार्षिक साधारण सभा व्यवस्थित रुपमा सफलतापूर्वक सञ्चालन गरी सम्पन्न गर्न भूमिका खेल्नुहुने कम्पनीका सञ्चालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु, शेयर रजिष्ट्रार तथा अन्य सहयोगी व्यक्ति तथा संस्थाहरु सबै लाई धन्यवाद ज्ञापन गर्नुभयो।

जिवन कुमार बस्नेत
कम्पनी सचिव

गोपाल प्रसाद सिग्देल
अध्यक्ष

शनिबार ६ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

आयोजकले दुई गोल उपहार दिँदा फाइनल खेल्यौं

४० को दशकतिर विराटजंग शाही राष्ट्रिय फुटबल टोलीका प्रमुख खेलाडी थिए । पञ्चायतकालमा नेपालले जति पनि अन्तर्राष्ट्रिय फुटबलमा सहभागिता जनाएको थियो, त्यसमा उनी कहिल्यै पनि छुटेनन् । आफ्नो समयकै उत्कृष्ट खेलाडी शाही अहिले अखिल नेपाल फुटबल संघ (एन्फा)का उपाध्यक्ष छन् । उनको समयमा राम्रा खेलाडीलाई जनकपुर चुरोट कारखाना वा शाही नेपाली वायुसेवा निगमले राम्रो तलबमा भित्र्याउँथ्यो । शाहीले जनकपुर चुरोट कारखानाबाट घरेलु फुटबल खेले । त्यस समयमा गज्जबको नियम थियो । घरेलु फुटबलमा जसले बढी उपाधि जित्थ्यो, त्यही टोली नै अन्तर्राष्ट्रिय फुटबलमा भाग लिन जान्थ्यो । ०४७ सालमा जनकपुर चुरोट कारखानाले भारतको उत्तर प्रदेशमा आयोजना भएको प्रतियोगितामा भाग लिएको थियो । नेपाली टोली सेमिफाइनलबाट बाहिरियो । घर फर्कने तयारी गरेको नेपाली टोलीले आयोजकके कारण फाइनल खेल्यो । नेपाल बाहिरिँदा उपाधि भिडन्तमा दर्शक नआउने भएपछि आयोजकले नेपाललाई दुई गोल उपहार दिएको थियो । यही अचम्मलाग्दो घटना शाहीले नयाँ पत्रिकाकर्मी **रमेश सुवेदी**लाई यसरी सुनाए :

जनकपुरमा दुई साताको अभ्यास

हामीले खेलेको समयमा असाध्यै राम्रा खेलाडीलाई सरकारको स्वामित्वमा रहेको सरकारी संस्थामा जागिर दिने व्यवस्था थियो । धेरै राम्रा खेलाडी सरकारी संस्थानका जागिरे बने । यसमध्ये म पनि एक हुँ । मेरो खेल-कौशल हेरेर जनकपुर चुरोट कारखानाले मलाई अनुबन्ध गरेको थियो । जागिर निकै रमाइलो थियो । जागिरसँगै खेलमा समेत राम्रो प्रदर्शन गर्नुपर्ने जिम्मेवारी थियो । त्यो समयमा जनकपुर चुरोट कारखानाको टोलीलाई संक्षिप्तमा 'जचुकाली' भनिन्थ्यो ।

यस संस्थानले तत्कालीन समयमा धेरै राम्रा खेलाडीलाई लोभलाग्दो सुविधासँगै अनुबन्ध गरेको थियो । मलाई सम्झना भएसम्म जचुकालीमा लगभग राष्ट्रिय फुटबल टोलीबाट खेलेका खेलाडी मात्रै हुन्थे । त्यो समयमा मसहित आधा दर्जनभदा बढी राष्ट्रिय टोलीका खेलाडी जचुकालीमा अनुबन्ध भएका थिर्यौं । गणेश पाण्डे, अनिल रूपाखेती, राजेश थापा, ललित थापा, सुरेश बस्नेत, पुनम थापा, स्व. रामराज सिंह (कप्तान), देवेन्द्रमान सिंह बस्नेत, जीवन लामा, ऋतु शाक्य, बिरु राई, मदन नेवा यस टोलीमा आबद्ध थिए । सामान्य गरी कुनै प्रतियोगितामा सहभागी हुन जाँदा हामीले अनिवार्य रूपमै दुईदेखि तीन साता बन्द प्रशिक्षण गर्थ्यौं ।

प्रशिक्षण काठमाडौंमा हुँदैनथ्यो । संस्थानले सीधै जनकपुरमा लगेर खेलाडीलाई प्रशिक्षण दिन्थ्यो । त्यो समयको फुटबलमा अलि फरक नियम थियो । घरेलु फुटबल प्रतियोगितामा जसले धेरै उपाधि जित्छ, त्यही टोलीले नै अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा भाग लिने अवसर पाउँथ्यो । यस्तोमा जचुकालीलाई भाग्यमानी नै भन्नुपर्थ्यो । लगभग भएभरका राष्ट्रिय खेलाडीले भरिपूर्ण टोली । अनि के चाहियो, घरेलु फुटबलका धेरैजसो उपाधि हामीले नै जित्थ्यौं । पूर्वदेखि पश्चिमसम्म हुने सबैखाले प्रतियोगितामा जचुकालीकै दबदबा हुन्थ्यो । हाम्रो समयमा अरूले खासै मौका पाउँदैनथे ।

हामीले मलेसिया, माल्दिभ्स र भारतलगायत अन्य देशमा हुने अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता खेल्यौं । भारतमा आयोजना हुने प्रतिष्ठितमध्ये एक सिक्किम गभर्नर गोल्डकप कैयौंपटक खेल्यौं । यस सिजनमा हामीले धेरै घरेलु उपाधि जितेका कारण भारतमा एउटा प्रतियोगितामा सहभागी हुने अवसर पाएका थिर्यौं ।

दुई साताको अभ्यासपछि जनकपुरदेखि हामी बसबाट नेपालको सिमानासम्म पुग्यौं । त्यहाँबाट रेलमार्ग हुँदै रामनगर गयौं । वास्तवमा भारतको रेलयात्रा निकै रमाइलो हुन्थ्यो । मलाई सम्झना भएसम्म रामनगर पुग्न १२ देखि १४ घण्टा लागेको थियो । आयोजकले नेपाली टोली आएको थाहा पाएपछि भव्य स्वागत गरेको थियो । नेपाली समुदाय र नेपाली टोलीलाई मन पराउनेहरू होटेलबाहिर र भित्र हुन्थे । जसले गर्दा हामीलाई धेरै हौसला बढेको थियो ।

दुई खेलपछि सेमिफाइनलमा

त्यसवेला भारतमा आयोजना हुने अधिकांश फुटबल प्रतियोगिता नकआउट पद्धतिमा आयोजना हुन्थे । हामीले पहिलो खेल प्रिक्वार्टरफाइनल खेल्नुपर्ने भयो । पटनाको होमघाटस्थित स्थानीय पुलिससँग खेल थियो । त्यस मैदानमा नेपाली टोलीलाई समर्थन गर्न औसतमा पाँच-सात हजार समर्थक आउँथे । त्यो वातावरणमा खेल्न छुट्टै मज्जा थियो । सात हजारको संख्यामा समर्थन पाउँदा हामी जोसिन्थ्यौं र खेललाई निकै सहज रूपमा लिने गर्थ्यौं । हामीले घरेलु टोलीमाथि बल पोसेसन राम्रो बनाएका थिर्यौं । त्यो समयमा जचुकालीको खेल्ने शैली फरक थियो । बल पोसेसन बनाएर विपक्षी पोस्टमा खतरनाक आक्रमण गर्ने योजना बनेको हुन्थ्यो । नेपाली खेलाडीको यस शैलीलाई भारतीय खेलाडीसँगै समर्थकले औधी मन पराएका थिए । प्रिक्वार्टरफाइनमा सहज जितपछि सेमिफाइनलमा पुग्यौं ।

पहिलो खेलमा सानदार जितपछि नेपाली समर्थकले हामीलाई धेरै माया दिए । यसपटक हामी नेपाली खेलाडीमाथिको समर्थन यस्तो बढेको थियो कि आयोजकलाई क्वार्टरफाइनलमा नियन्त्रण गर्न हम्मे-हम्मे परेको थियो । यसपटक पनि सेमिफाइनल प्रवेशका लागि भएको खेलमा पनि स्थानीय एक क्लबलाई सहजै हरायौं । अब, पालो सेमिफाइनलको थियो ।

सबैले अनुमान गरेझैं सेमिफाइनलमा स्थानीय टोलीलाई भन्दा नेपालबाट आएको टोलीलाई धेरै समर्थन हुन्छ । फाइनल प्रवेशका लागि भएको खेलमा हाम्रो प्रतिद्वन्द्वी उत्तर प्रदेशको मुस्लिम टोली थियो । हामीले उनीहरूविरुद्ध नराम्रो खेलेका थिएनौं । तर, राम्रो खेल्दाखेल्दै हामीले एउटा मात्र नसोचेको गोल व्यहोरेका थिर्यौं ।

यसै एक गोलमा उत्तर प्रदेशको मुस्लिमले नेपाली टोलीलाई १-० ले हरायो । यस नतिजासँगै हामी निराश हुँदै मैदानबाट बाहिरियौं । आयोजक र त्यहाँका समर्थकले हामीलाई नै उपाधिको एक मात्र दाबेदार टोलीका रूपमा लिएका थिए । फेरि नेपालको टोलीले जुन किसिमको प्रदर्शन गरेको थियो, त्यसअनुसार हामी वास्तवमै फाइनलमा पुग्नुपर्ने टोली थियो । तर, एक गोलले सबै सपना भुताभुंग भयो ।





तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

> हाम्रा व्यवस्थापकले आयोजकसमक्ष प्रश्न राखे । सेमिफाइनलमा पराजित हामी कसरी फाइनलमा पुग्यौं ? आयोजकले भन्यो, 'हमारे तरफ से नेपालको एक के बदला दो गोल दिया । कल हम फाइनलमे मिलेंगे ।'

हारे पनि फाइनलमा पुग्यौं

हामी निराश हुँदै होटेल पुगेका थिर्यौं । एक-अर्कासँग कोही पनि बोलेका थिएनन् । सबै खाना खाएर सुत्यौं । सबै खेलाडीले भोलिपल्ट नेपाल प्रस्थान गर्न झोला मिलाइसकेका थिए । उपाधि भिडन्तका दुई टोली तयार थिए । नेपाल फर्कन हामीले होटेलमा छिट्टै 'चेकआउट' गर्ने योजना बनायौं । तर, एकाबिहानै हामीलाई भेट्न आयोजकका केही पदाधिकारी आए । उनीहरूले टिम व्यवस्थापकसहित खेलाडीलाई बैठकमा डाके । मिटिङमा भएका कुरा बताउँदा अहिले पनि मजाकजस्तो लाग्छ । आयोजकले हामीलाई भन्यो, 'नेपाली टोली फाइनल पुगिसकेको छ, किन घर फर्कने । फाइनल खेलेर मात्र जाने हो ।'

यो सुन्दा हामीले नेपाली खेलाडी र अफिसियल एक-अर्काका मुख हेराहेर गर्‍यौं । हुँदै नभएको र हुन नसक्ने कुरा सुन्नुपरेको थियो । कतै हुन्छ र ? हारेको टोली पनि फाइनलमा पुग्छ र ! तर, यस्तै भयो । त्यसवेला हामीले सोच्यौं, सम्भवतः नेपालबाहेक अन्य सेमिफाइनलमा पुगेको टोलीविरुद्ध कसैले प्रोटेस्ट हालेको हुनुपर्छ । हाम्रा व्यवस्थापकले आयोजकसमक्ष प्रश्न राखे । सेमिफाइनलमा पराजित हामी कसरी फाइनलमा पुग्यौं ? आयोजकले भन्यो, 'आयोजकके तरफ नेपालको एक के बदला दो गोल दिया । कल हम फाइनलमे मिलेंगे ।' यो सुन्दा हामी अक्क न बक्क भयौं ।

यो कसरी हुन्छ ? मनमा अर्को प्रश्न उत्पन्न भयो । आयोजकका पदाधिकारीले भने, 'तिमीहरू ढुक्क भएर बस । भोलि फाइनल जसरी पनि खेल्नुपर्छ । अब कुरा यति नै हो । फाइनलको तयारीमा लाग्नु ।' यति भनेर उनीहरू होटेलबाट बाहिरिए ।' त्यो क्षणमा कसैले पनि केही बोल्न नै सकेनन् । लगभग हामी नेपाल फर्कने तयारीमा थिर्यौं ।

वास्तवमा के भएको रहेछ भने नेपाली टोली फाइनलमा पुग्छ भनी यस दिनको टिकट फुल हाउस भइसकेको थियो । टिकट यति सेल भयो कि रंगशालामा बस्ने स्थान नै थिएन । अनि नेपाल सेमिफाइनलमा पराजित भएपछि बबाल मच्चिएको रहेछ । दर्शकले फाइनलमा नेपाल हुनुपर्ने दबाब दिइएको रहेछ । फाइनलमा दर्शक नहुने भएपछि आयोजकले रातारात नियम बनाएर हामीलाई थप दुई गोल उपहार दिएर फाइनलमा स्थान दिएको रहेछ । यस्तो रणनीतिमा आयोजक मालामाल हुने थियो । फाइनलमा नेपाल हुँदा दर्शक भरिने पक्का भयो । फेरि आयोजकले हामीलाई हराएको टोलीलाई गज्जबले फकाएको थियो । उनीहरूले नेपाललाई फाइनल पुऱ्याउँदा केही प्रतिकार गरेनन् ।

फाइनल ३-० ले जित्यौं

अब फाइनल खेल्ने पक्का भयो । त्यसपछि हतारमा प्याकिङ गरेका सबै झोला खोल्यौं । अनि अभ्यास गर्नतिर लाग्यौं । सबै खेलाडीको मनोबल उच्च थियो । बिहान खाना खाएर केही समय विश्राम गर्‍यौं । आयोजकको टोली हामीलाई लिन होटेलमै आयो । मैदान पुग्दा दर्शकको संख्या हेर्न नसकिने थियो । रंगशालामा ८-९ हजार दर्शक उभिएरै खेल हेर्न तयार अवस्थामा थिए । एक किसिमले आयोजकको योजना पनि सफल भयो । पूरै दर्शकले नेपाली टोलीलाई साथ दिएको थियो । हजारौं समर्थकले समर्थन गरिरहँदा हामीलाई मज्जा र खुसी लाग्यो । त्यो फाइनल हामीले ३-० ले जित्यौं । फाइनलमा रामराज सिंह, गणेश पाण्डे र अनिल रूपाखेतीले गोल गरेका थिए । तीनै खेलाडी त्यस समयमा नेपालका उत्कृष्ट खेलाडी थिए ।

सुनको सिल्ड ल्याउन पाइएन

अर्को रोचक पक्ष के छ भने प्रतियोगिताको सिल्ड नै एक किलो सुनको थियो । हामीले भारतमा उपाधि जितेको खबर नेपालमा पुगिसकेको थियो । उपाधिसँगै जनकपुरमा हामीलाई भव्य स्वागतको योजना बनेको थियो । हर्षित हुँदै हामी स्वदेश फर्किर्यौं । तर, नेपाल र भारतको बोर्डरमा आयोजकले नै जितेको एक किलो सुनसहितको सिल्ड नदिने भन्यो । त्यहाँ सबै खेलाडी वाल्ल भर्यौं । जितको सिल्ड पनि नदिने ? केही बेर वादविवाद भयो । तर, केही नलागेपछि टूफी त्यहीं छाड्यौं । सबैजना दुःखित थिर्यौं, आयोजकले सुनको सिल्ड आफैंले राख्यो ।

हामीलाई नक्कली सिल्ड दिइयो । हामीलाई त्यहाँको आर्मी कमान्डो टोलीले नै सीमासम्म बिदाइ गरेको थियो । नक्कली सिल्डसहित नेपाली टोली आएको थाहा पाउँदा जनकपुरमा हुने भनेको च्यारी नै स्थगित भयो । जनकपुरमा एक-एक किलोको सुनको टूफी देखाउन नै च्याली आयोजनाको बन्दोबस्त भएको रहेछ । यस सफलताले गर्दा संस्थाले हामी सबैको तलब र सुविधा बढाएको थियो ।

खेल संक्षेप

हिमरश्मि सेमिफाइनलमा

काठमाडौं/ हिमरश्मिका पुरुष र महिला दुवै टोली सार्तौं ओप्स खेलकुद महोत्सवअन्तर्गत बास्केटबल प्रतियोगितामा सेमिफाइनलमा प्रवेश गरेका छन् । पुरुषमा हिमरश्मिले प्रगतिलाई २५-१७ ले पराजित गऱ्यो । महिलातर्फ हिमरश्मिले न्युटनलाई १६-१२ ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो । पुरुषमा एन्जल्स हार्टले न्युटनलाई २८-१९ तथा सेबले पुष्पकुञ्जलाई ३८-१९ ले हराउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे ।

स्पोर्टस् अवार्ड याक एन्ड यतीमा हुने

काठमाडौं/ २०औं एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड होटेल याक एन्ड यतीको लाल दरबार हलमा हुने भएको छ । पाँचतारे होटेल याक एन्ड यती र नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) बीच कार्यक्रमको मुख्य आयोजनास्थलसम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा याक एन्ड यतीका महाप्रबन्धक मोनिका साइब्लावर र मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदीले हस्ताक्षर गरेका छन् । स्पोर्टस् अवार्ड २८ माघमा हुनेछ ।

अर्नव शीर्ष स्थानमा

काठमाडौं/ नेपालका अर्नव पाण्डे चौथो अन्तर्राष्ट्रिय स्क्राबल प्रतियोगितामा १०औं चरणको खेल समाप्तिमा शुक्रबार शीर्ष स्थानमा रहेका छन् । उनले २,२२७ अंक जोडेका छन् । प्रतियोगितामा नेपालकै रुबिन श्रेष्ठ ८४२ अंकसाथ दोस्रो स्थानमा छन् । काठमाडौं स्क्राबलका अध्यक्ष बुद्ध गौतमका अनुसार खेल १५ चरणसम्म हुनेछ । प्रतियोगितामा नेपाल, भारत, श्रीलंका र अमेरिकाबाट ३८ खेलाडी सहभागी छन् । स्क्राबल कोठे पदको परिष्कृत रूप भएको जनाइएको छ ।

पुरुषतर्फ गण्डकी र हेल्प नेपाल फाइनलमा

कास्कीमा **रोहितराज पराजुली**

साबिक विजेता गण्डकी प्रदेश भलिबल संघ र हेल्प नेपाल स्पोर्टस् क्लब शुक्रबार चौथो संस्करणको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुला क्लब च्याम्पियनसिपको पुरुषतर्फ फाइनलमा पुगेका छन् । प्रतियोगिता महिलामा त्रिभुवन आर्मी क्लबले तेस्रो स्थान रक्षा गरेको छ । प्रतियोगिताअन्तर्गत शुक्रबार पुरुषतर्फको पहिलो सेमिफाइनलमा हेल्प नेपालले श्रीलंका आर्मीलाई ३-१ को सेटमा हरायो । गण्डकीले नेपाल एपिएफ क्लबलाई ३-० को सोझो सेटमा पाखा लगाउँदै हेल्प नेपालसँगको उपाधि भिडन्त पक्का गरेको छ ।

श्रीलंकाली टोलीले हेल्प नेपालविरुद्ध पहिलो सेट १८-२५ ले आफ्नो पक्षमा पारेको थियो । तर, त्यसपछि लय गुमाउँदा श्रीलंकाली टोली २५-१४, २५-१८ र २६-२४ ले पराजित भयो । गण्डकी पहिलो र तेस्रो संस्करणको विजेता हो । पुरुषतर्फ हेल्प नेपाल र गण्डकी एकै समूहमा थिए । हेल्प नेपाल समूह विजेता र गण्डकी उपविजेताका रूपमा अन्तिम चारमा पुगेका हुन् । महिलातर्फ आर्मीले पुलिस क्लबलाई ३-१ को सेटले पराजित गर्दै तेस्रो स्थान रक्षा गरेको हो ।



पोखरा महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!


पोखरा महानगरपालिका आर्थिक ऐन २०८० एवं आगामी आर्थिक ऐनमा समावेश हुने राजश्व शीर्षक र दररेटका विषयमा तपशिलका मिति, समय र स्थानमा बृहत छलफल कार्यक्रम आयोजना गरिएकोले आ-आफ्नो लिखित सुझाब सहित सहभागिताको लागि अनुरोध गरिन्छ ।

तपशिल :

मिति	स्थान	समय	सहभागीहरू
२०८०/१०/०५	पोखरा महानगरपालिका सभाहल	दिउँसो १ बजे	राजश्व काउन्टरमा कार्यरत कर्मचारीहरू १/१ जना प्रत्येक वडा कार्यालयबाट
२०८०/१०/०६	वडा नं. ३० को सभा कक्ष	बिहान ७:३० बजे	२६, २७, २८, २९, ३०, ३१, ३२ र ३३ नं वडाका निर्वाचित जनप्रतिनिधिहरू
२०८०/१०/०७	पोखरा महानगरपालिका सभाहल	दिउँसो १:३० बजे	- पोखरा महानगरपालिका सल्लाहकार परिषद् - पोखरा उद्योग वाणिज्य संघ - लेखनाथ उद्योग वाणिज्य संघ - चेम्बर अफ कमर्स पोखरा - घरेलु तथा साना उद्योग व्यवसायी महासंघ
२०८०/१०/०८	पोखरा महानगरपालिका सभाहल	दिउँसो १:०० बजे	जिल्लाका प्रमुख राजनीतिक दलका पदाधिकारीहरु
२०८०/१०/०९	पोखरा महानगरपालिका सभाहल	दिउँसो १:०० बजे	- प्याब्सन/एनप्याब्सन/हिसान - उद्योगी व्यवसायीहरू - निर्माण व्यवसायीहरू - शिक्षा शाखा प्रमुख
२०८०/१०/१०	विपिसि सभाहल, सभागृह	दिउँसो १:०० बजे	४, ७, ८, ९, १०, ११, १३, १६, १७, २० र २१ वडाका निर्वाचित जनप्रतिनिधिहरू
		दिउँसो २:३० बजे	वडकाका १ , २ , ३ , ५ , ६ , १२ , १४ , १८ , १ ९ , २२ , २३ , २४ र २५ निर्वाचित जनप्रतिनिधिहरू
२०८०/१०/११	पोखरा सभागृह हल	बिहान ११:०० बजे	- सरोकारवला सबै - पोखरा महानगरपालिकाका सबै करदाताहरू

संयोजक





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com